# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली समाज ऐतिहासिक आधारमा भाषा, धर्म आदि कारणहरुबाट मुख्यतः दुई ठूला जातीय समूहमा विभाजन भएको पाइन्छ । जसमा आर्य र मंगोल समूह पर्दछन् । यी दुई समूहमध्ये ब्राह्मण, क्षेत्री तथा अछुत मानिने कामी, सार्की, पार्की, दमाई आदि जातहरु आर्यन समूह अन्तर्गत पर्दछन् । त्यसमा पनि पार्की समुदायलाई कामी समूहभित्रको दलित भित्र राखेको पाइन्छ । उनीहरुको परम्परागत पेशा डोको, नाम्लो बनाएर जिविकोपार्जन गर्नु रहेको छ । समाजका अन्य माथिल्ला जातिहरुले पार्कीहरुलाई अछुत जातिको रुपमा हेरेको पाइन्छ । जसले गर्दा पार्कीहरुको हैसियत माथिल्ला जाति सरह रहेको देखिदैन (शर्मा, २०३७) ।

'हिन्दू समाजमा दलित मुक्तिको प्रश्न' बारेमा आहुति (सन् २०१०) का अनुसार संसारबाट दासयुग, सामन्तवादी युगले बिदा लिए पनि यी युगहरुमा विकसित भएका क्रुर र कुरुप अवशेषहरु दलित माथिको भेदभाव शोषणबाट दक्षिणी एशियाका झण्डै २५ करोड दलितहरु अझै पनि पिडित छन् । दक्षिण एशियाका हिन्दुहरुबीच धर्म, रङ्ग, संस्कृति, परम्परा एउटै हुँदाहुँदै पनि दलितहरुलाई आस्थाको मन्दिरमा प्रवेश गर्न, धार्मिक अनुष्ठान गर्नबाट वञ्चित गरियो । अप्ठ्यारा र असजिला कामहरु गर्न बाध्य पारियो । संसारमा गरिएका विभिन्न आन्दोलनहरुले विभिन्न उत्पीडित जातिहरुलाई मुक्ति गराए पनि २१ औं शताब्दीमा आइपुग्दा समेत दलितहरुले मुक्ति पाउन सकेनन् । दक्षिण एशियाका नेपाल लगायत हिन्दु धर्म प्रभावित जनसंख्या भएका मुलुकहरुमा सबैभन्दा गरिब र उत्पीडित दलित छन् । माथिल्लो जनताबाट शोषित, दमित र पीडित छन् । छुवाछुतको भेदभावबाट प्रभावित छन् । पेशागत रुपमा स्वतन्त्र छैनन् । हिन्दु वर्ण व्यवस्थाले विश्वका झण्डै २० प्रतिशत हिन्दुहरुको सामाजिक प्रगतिलाई वाधा उत्पन्न गरेको छ । त्यस समाजभित्रका ५ प्रतिशत दलितहरुको अवस्था अझ डरलाग्दो छ ( आहुति, सन् २०१०) ।

भारतमा आर्यहरु भन्दा अगाडिका साहित्यहरु उपलब्ध नभए पनि आर्यहरु भारत प्रवेश गर्नु अगाडि द्रविड र अष्ट्रिक मुलका जातिले यहाँ बसोबास गरेका मानिन्छ । यी जातिहरुबीच आदिम र दासयुग चरण कसरी वित्यो भन्ने कुराको प्रमाण प्रष्ट नभए पनि उनीहरुले सिन्धुघाँटीमा निर्माण गरेको हडप्पा र मोहोनजोदाडोको सभ्यता साक्षी नै छ । आर्यहरु इ.पु. ३००० तिर अर्थात् करिब ६ हजार वर्ष पहिले इरान हुँदै भारत प्रवेश गरी यहाँको सामाजिक तथा राजनीतिक जीवनमा प्रवेश गरे । दक्षिण एशियाली उपमहादिपमा ऋग्वेदलाई आर्यहरुद्वारा रचित ग्रन्थ मानिन्छ । यसको रचनाकाल इ.पु. १५००-१००० मा वेदव्यासद्वारा गरिएको धारणा छ । ऋग्वेदका दशमण्डल मध्ये दशौ मण्डललाई वेदव्यासका धारणा र मान्यताका रुपमा लिइन्छ । यही मण्डलमा नै वर्ण व्यवस्थाको उल्लेख गरिएको छ । त्यसै विराट पुरुषको मुख ब्राह्मण, हात क्षेत्रीय, जाँघ वैश्य र खुट्टा शुद्र थिए भनी उल्लेख गरिएको छ । भारतीय भूमिमा आर्य र अनार्यका बीचमा युद्ध भयो । विजेता आर्यहरुले पराजित आर्य र अनार्यहरुलाई दासको रुपमा राखे । दास व्यवस्थाबाटै श्रम विभाजनले व्यापकता पायो । यही क्रममा ब्राह्मण पुरेत्याइ गर्ने, ज्ञान दिलाउने, क्षत्रीय सैनिक र प्रशासकीय काम गर्ने, वैश्य : खेती र व्यापार गर्ने र शुद्र : माथिल्लो जातको सेवा गर्ने गरी वर्ण व्यवस्था कायम गरियो (आहुति, सन् २०१०) ।

जाति व्यवस्थामा हुने श्रम विभाजनको प्रणाली जन्मजात हुन्छ । धर्मशास्त्रको हिसाबले यसलाई परिवर्तन गर्न सकिदैन । जातको आधारमा कामको निर्धारण हुने हुँदा कुनै पनि व्यक्तिले आफ्नो इच्छा, क्षमता र योग्यता अनुसार काम गर्न पाउने अवस्था रहदैन । जसले गर्दा कुनै पनि कार्यमा गलत र कम क्षमतावान मानिसको संलग्नता रहन सक्छ । अध्ययन, अध्यापन, प्रशासन र नीति निर्माणमा तल्ला जातिको उपस्थिति हुन सक्दैन । जसले गर्दा समाजमा असमानता सिर्जना हुन्छ । सीप छ काम गर्न नपाउनु, जाँगर छ लगानी गर्न नपाउनु, उत्पादन गरौ बजार नपाउनु जस्ता कारण तल्ला जातका मानिसले आफ्नो आर्थिक विकास गर्न नसक्ने अवस्थाको सिर्जना भएको छ । जाति व्यवस्थामा शुद्ध र अशुद्धको व्यवस्था पाइन्छ । जसमा दलितहरुलाई अशुद्धको श्रेणीमा राखेको पाइन्छ (प्रश्रित, २०५८) ।

नेपालको वर्ण विभाजन र जातीय व्यवस्थाको बारेमा माथिल्ला अध्यायहरुमा जे जस्तो उल्लेख गरेता पनि वर्तमान समयको सन्दर्भमा उक्त भनाई ठ्याक्कै मेल खाने

देखिदैन । नेपाली समाजमा थोरै भएपनि जातीय आधारमा कामको विभाजन अझैसम्म पनि देख्न सकिन्छ । तथापि विगतको जस्तो कठोर व्यवस्था अहिले देखिदैन । नेपाली समाज विस्तारै परिवर्तनको संघारतिर लम्किरहेको देखिन्छ । शिक्षा, स्वास्थ्य, संचार आदि क्षेत्रहरुमा दलितहरुको पहुँच बढ्नु, छुवाछुत विरुद्ध प्रस्ट सरकारी ऐन नियम बन्नु जस्ता प्रावधानहरुले विगतको मान्यता परिवर्तन हुँदै जान थालेको पाइन्छ । विगतको वर्ण विभाजन अनुसार काम गर्ने प्रवृत्ति विस्तारै हट्दै जान थालेको पाइन्छ । दलितहरुले माथिल्ला जातिहरुले गर्ने कार्यमा आफ्नो संलग्नता बढाउँदै लैजान थालेको पाइन्छ ।

नेपालको सामाजिक संरचनाका विभिन्न तत्वहरुमध्ये जातीय व्यवस्था पनि एक हो । यसैलाई आधार मानेर नेपाली समाज संरचित छ । जातीय व्यवस्थामा सामाजिक स्तरीकरण हुन्छ । एक जाति अर्को जातिभन्दाअसमान, निम्न वा उच्च हुने भएकोले संस्कृतिकरण मौलाउँदै जान्छ । नेपालमा ऐतिहासिक तथा प्राचीन समयदेखि नै वर्ण व्यवस्था थियो । लिच्छविकालमा ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र गरी चार वर्णमा विभाजन गरिएको थियो । समाजका विभिन्न कार्यहरु वर्ण व्यवस्थाका आधारमा गरिन्थ्यो । राजा जयस्थिति मल्लले यसलाई बलियो बनाउन महत्वपूर्ण भमिका खेले । उनले मनुस्मृतिको आधारमा वर्ण विभाजन गरे । वास्तवमा वर्ण व्यवस्था विभिन्न मानिसहरुले अवलम्बन गर्दै आएको पेशा तथा वंशको आधारमा निर्माण भएको पाइन्छ । सन् १८५४ को मुलुकी ऐनमा पनि जातीय व्यवस्थाको व्याख्या गरिएको छ । यसले जातीय शुद्धतालाई अगाडि सारेको छ । यसमा जाति एवं वर्णको व्यवस्था निम्न अनुसार गरिएको छ ।

**तालिका नं. १**

**सन् १८५४ को मुलुकी ऐन अनुसार जातीय विभाजन**

| | |
|---|---|
| तागाधारी | दुई पटक जन्मने जात<br>उपाध्याय ब्राह्मण (पूर्वीया कुमाइ), राजपुत (ठकुरी), जैसी ब्राह्मण, देउभाजु, मधेसी ब्राह्मण, सन्यासी, जैसी (अन्य) केही नेवार जात |
| मतवाली | मदिरा पिउने जात<br>नमासिने : गुरुङ, मगर, राई, नेवार, लिम्बु, सुनुवार, अन्य नेवार जात ।<br>मासिने : भोटे, चेपाङ, माझी, दनुवार, दरै, हायु, पहारी, मेचे, कुमाल, थारु, घर्ती |
| पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने | कसाई, कुसले, धोवी (नेवार), कुलु, मुसलमान, म्लेच्छ (कुइरे) |
| पानी नचल्ने तर छोइछिटो हाल्नुपर्ने | अछुत<br>कामी, सार्की, कडरा, दमाई, गाइने, बादी, पोडे, चमार |

स्रोत : श्रेष्ठ र आचार्य, २०६६ ।

विभिन्न अनुसन्धानकर्ताहरुका अनुसार 'दलित' शब्दले त्यस्तो समुहलाई जनाउँदछ जुन धार्मिक, सांस्कृतिक, सामाजिक र आर्थिक हिसाबले पछाडि परेको छ । अर्थात् दलित उपेक्षित र गरिब वर्गको लागि प्रयोग हुने गर्दछ । जुन जातीय विभेदबाट सृजना भएको समस्या हो । अछुत, कमसल, पानी नचल्ने र सानो जात भनेर पनि दलितलाई सम्बोधन गरिन्छ । बाहुन र कामी एउटै वर्ग (इण्डो-आर्यन) मा पर्दछन् र सांस्कृतिक, धार्मिक हिसाबले दुवै हिन्दु हुन् । तथापि कामी अशुद्ध जातको रुपमा रहेको छ । जुन वर्ण व्यवस्थाको प्रभाव हो (गुरुङ, सन् २००५) ।

## दलितको जातीय सूची

| जातिको नाम | थर | परम्परागत पेशा |
|---|---|---|
| क) पर्वते (पहाडी) | | |
| १) वादी | नेपाली | गायन तथा वाद्यवादन |
| २) दमाई | परियार हुडके | लुगा सिउने |
| ३) गाइने | गन्धर्व | गायन तथा वाद्यवादन |
| ४) कडरा | - | - |
| ५) कामी | अगारी (सिल्भर) विश्वकर्मा (फलाम)<br>चुनारा (काठ) महर, पार्की (निगालो)<br>पौरी, रसायली, सुनार (सुन) टमटा (तामा) | धातुको काम गर्ने |
| ६) सार्की | भूल, चर्मकार | छालाको काम |
| ख) नेवार (काठमाडौं उपत्यका) | | |
| ७) च्यामे | हलाहुल, कुचीकार | कुचो बढार्ने |
| ८) पोडे | देओला, दहला | कुचो बढार्ने |
| ग) मधेसी (तराई) | | |
| ९) बाँतर | सरदार | श्रमिक |
| १०) चमार | मोची, राम | छालाको काम |
| ११) चिडिमार | - | चरा समात्ने |
| १२) धोबी | - | लुगा धुने |
| १३) डोम | डुम | कुचो बढार्ने |
| १४) दुसाध | पासी, पासवान | रक्सी बनाउने |
| १५) हलकोर | मेहातर, भङ्गी | कुचो बढार्ने |
| १६) खत्वे | कहर, मण्डल | खेतमा काम गर्ने |
| १७) मुसहर | सडा | खेतमा काम गर्ने |
| १८) टटमा | टन्टी | |

स्रोत : गुरुङ, २००५ ।

## १.२ समस्याको कथन

पार्की समुदाय विशेष गरेर नेपालको सुदुरपश्चिमी क्षेत्रमा बसोबास गर्दछन् । पार्की जाति अन्य जातिको तुलनामा परिश्रमी देखिन्छन् । तथापि उनीहरुको आर्थिक अवस्था त्यति राम्रो देखिदैन । माथिल्लो जातिका मानिसहरुले उनीहरुलाई हेयको दृष्टिकोणले हेरेको पाइन्छ । साथै पार्की जाति भित्रै टाठा-वाठाले निमुखालाई सताउने गरेको पाइन्छ । शिक्षा, स्वास्थ्य र विकासका दृष्टिकोणले यो जाति पछाडि परेको पाइन्छ (शर्मा, २०३७) । पार्की दलितभित्रको कामी समूहमा पर्ने समुदाय हो । जसअनुसार वि.सं. २०६८ को जनगणनाअनुसार कामी जातिको जनसंख्या १२५८५५४ अर्थात् कूल जनसंख्याको ४.८ प्रतिशत रहेको पाइन्छ (जनगणना, २०६८) । समयको परिवर्तनसँगै यो समुदायले परम्परागत पेशाको सट्टा अन्य पेशा अपनाउँदै गएको देखिन्छ । यस समुदायको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन भए पनि अन्य जातिको तुलनामा अझै पनि पछाडि परेको पाइन्छ । पार्की जातिको सामाजिक र आर्थिक अवस्थाको बारेमा अध्ययन अनुसन्धान गर्नु जरुरी देखिन्छ । वर्तमान समयमा विभिन्न सरकारी र गैर सरकारी संस्थाहरुबाट उनीहरुको स्तर उठाउन अर्थात् विकासको मूलधारमा ल्याउन विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरेको पाइन्छ । तथापि उनीहरुको अवस्थामा खासै सुधार आउन नसकेको देखिन्छ । यो अध्ययन यसैमा केन्द्रित भएर गरिएको छ । पार्कीहरुको सामाजिक सांस्कृतिक अवस्था कस्तो छ ? आर्थिक अवस्था कस्तो छ ? उनीहरुको आर्थिक जीवनमा अपेक्षित परिर्वन आउन नसक्नाको कारण के हो ? यसमा उनीहरुको भूमिका के छ ? र अन्य संघ संस्थाहरुको भूमिका के छ ? उनीहरुको अन्य जातिसँगको सम्बन्ध कस्तो छ ? छुवाछुतको अवस्था कस्तो छ ? त्यसको बारेमा अध्ययन केन्द्रित गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नलिखित रहेका छन् :

क) पार्की जातिको जन्मदेखि मृत्युसम्मका संस्कारको बारेमा अध्ययन गर्नु ।

ख) पार्की जातिको आर्थिक अवस्थाको अध्ययन गर्नु ।

ग) पार्की र अन्य जाति बीचको सम्बन्ध र त्यसमा आएको परिवर्तनको कारण पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

यस अध्ययनमा दलित अथवा पार्की जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययन गरिने हुँदा यसको विशेष महत्व रहेको छ । यस अध्ययनमा पार्की जातिको जन्मेदखि मृत्युसम्मका संस्कारहरु, संस्कृति, उनीहरुको मनाउने चाडपर्व र आर्थिक अवस्था अन्तर्गत पेशा व्यवसाय आदिको अध्ययन गरिने हुँदा यसले नयाँ तथ्य पत्ता लगाउने अपेक्षा गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्ष स्वयम् पार्की जाति, सरकार अन्य गैर सरकारी संघ संस्थाहरुको पनि उत्तिकै उपयोगी हुनेछ । नीति निर्माण तहको लागि पनि अध्ययन उपयोगी हुनेछ । उक्त क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई पनि अध्ययनबाट प्राप्त निष्कर्षले आफूले संचालन गरेका कार्यक्रमहरुको समिक्षा गर्न सहयोग पुग्ने छ ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनका उद्देश्य परिपूर्ति गर्न निम्नलिखित अनुसन्धान प्रश्न समावेश गरिएको थियो ।

क) पार्कीहरुको सामाजिक, सांस्कृतिक अवस्था कस्तो छ र यसमा के कस्तो परिवर्तन देखियो ।

ख) पार्की र अन्य जातबिचको सम्बन्ध कस्तो छ ?

# अध्याय दुई
# पूर्व साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक समिक्षा

नेपालमा विभिन्न जातजाति र सांस्कृतिक विविधता भएको देश हो । यहाँको भौगोलिक विविधता एवं सांस्कृतिक अनेकताले गर्दा समाजशास्त्री तथा मानवशास्त्रीहरुका लागि अध्ययन गर्न आकर्षणको केन्द्रभूमि बन्न पुगेको छ । यस अध्ययनमा स्वदेशी तथा विदेशी अनुसन्धानकर्ता तथा विद्वान्हरुका अध्ययन अनुसन्धान, पूर्व प्रकाशित कृति, पत्रपत्रिका आदिको अध्ययन गरी अनुसन्धानलाई पूर्णता दिने प्रयास गरिएको छ ।

यो अध्ययन विशेष गरेर शुद्ध र अशुद्धको अवधारणाबाट प्रतिपादित वर्ण व्यवस्थासँग सम्बन्धित रहेर गरिएको छ । सिङ्गो नेपाली सामाजिक संरचना धर्म र वर्णमा आधारित जातीय व्यवस्थाबाट संचालित भएको पाइन्छ । त्यसकारण पार्की जातिको सामाजिक र आर्थिक अवस्थाको अध्ययन गर्न यो मान्यता उपयुक्त देखिन्छ ।

हिन्दु वर्णाश्रम व्यवस्थाले जातीय शुद्धता र अशुद्धताको अवधारणा अघि सारेको छ । जातीय व्यवस्थाअनुसार संस्कारजन्य कार्यहरु गरिन्छन् । ब्राह्मण कूलमा जन्मेको मानिस स्वतः शुद्ध हुन्छ र धार्मिक संस्कारजन्य कार्यहरु गर्न उसलाई छुट हुन्छ । जसले गर्दा उसले उच्च सामाजिक हैसियत प्राप्त गर्दछ । अर्कोतिर शुद्र कूलमा जन्मेको मानिस जतिसुकै क्षमतावान भए पनि माथिल्लो जाति सरह सामाजिक हैसियत प्राप्त गर्न सक्दैन र निम्नस्तरीय जीवन विताउन बाध्य हुन्छ । त्यसकारण परम्परावादी वर्णाश्रम शुद्ध र अशुद्धको अवधारणाले प्रत्यक्ष रुपमा सामाजिक र आर्थिक अवस्था प्रभावित हुने गरेको पाइन्छ (अर्याल, २०६८) ।

आहुति (सन् २०१०) का अनुसार वर्ण व्यवस्थाका कारण सामाजिक तथा सांस्कृतिक क्षेत्रहरुमा दलितको उत्पीडनमय र शोषित अवस्था छ । कानुनी र व्यवहारिक पाटाहरु अलग अलग छन् । अधिकांश मन्दिरमा दलितहरु पस्न पाउँदैनन् । सार्वजनिक धारा, कुवा, पँधेरो प्रयोग गर्न पाउँदैनन् । अछुत कुवा प्रयोग गर्नु पर्दछ । खाजा पसलमा

बाहिर बसेर खानु पर्ने अनी खाएका भाँडा माझ्नु पर्दछ । मरेको सिनो फाल्नु पर्ने, सुत्केरीको सालनाल काट्नु पर्ने, लासका कपडा स्याहार्नु पर्दछ । दलितहरुले राजधानीमा डेरा पाउन गाह्रो छ । उच्च जातकालाई नमस्कार गर्दा जदौ, मालिक शब्दको प्रयोग गर्नु पर्दछ । उच्च जातिले लास जलाउने ठाउँमा जलाउन पाइँदैन । बाटामा जम्का भेट हुँदा दलित बाटोको तल झर्नु पर्दछ (आहुति, सन् २०१०) ।

### परम्परागत हिन्दु वर्ण विभाजन

| | | |
|---|---|---|
| ब्राह्मण ⟶ | पुजारी, गुरु, दान लिने | चोखो जात |
| क्षेत्री ⟶ | लडाकु, शासक, रक्षक | |
| वैश्य ⟶ | व्यापारी, किसान | |
| शुद्र ⟶ | श्रमिक, सेवक | अशुद्ध जात |

स्रोत : विष्ट, सन् १९९१ ।

चार वर्णहरुको समूहलाई खास दुईवटा वर्गीकरण भित्र राखेर हेरिन्छ । सबैभन्दा अन्त्यको शुद्रलाई अगाडिका तीनवटा वर्णहरु (बाह्मण, क्षेत्री र वैश्य) बाट छुट्याइन्छ । अघिल्ला वर्णहरुका सदस्यहरु दुईपटक जन्मिन्छन् भन्ने भनाई रहेको छ । वैदिक सांस्कृतिक टिप्पणीहरुमा उल्लेख भएअनुसार शुद्रहरुको भाग्य नै सेवा गर्ने र वैश्यहरुको गाई, बाख्रा चराउने र खेती गर्ने हो । जबकि बाहुन र क्षेत्रीहरुलाई सबै अरु प्राणीहरुलाई नियन्त्रण गर्ने अधिकार दिइन्छ । क्षेत्री र ब्राह्मण दुईवटा वर्गहरुको बीचमा एकता र फरकपन पनि नियाल्नु जरुरी छ । क्षेत्रीहरु बलिदानका लागि आदेश गर्न सक्छन् भने ब्राह्मणहरुले पूजापाठ मात्र गर्न सक्छन् । त्यसैले राजा लाई पवित्र क्रियाकलापबाट वञ्चित गरिन्छ । वर्णहरुको विभाजन जातीय विभाजन जस्तै देखिए तापनि यो बढी धार्मिक हुन्छ भने कम व्यवस्थित पनि । शास्त्रीय हिन्दुबादमा वर्णहरुको स्पष्टीकरणको विषयमा कतिपय विवरणहरु बुझ्नु जरुरी छ । बाहुनहरुसँग प्राकृतिक रुपले नै विशिष्ट सुविधाहरु हुन्छन् । उनीहरुलाई कतिपय सजायहरुबाट मुक्त गरिन्छ । उनीहरुलाई पिट्न, जेलमा राख्न, जरिवाना तिराउन र निस्काशन गराउन सकिन्न । पठित ब्राह्मणहरुले कर तिर्नु पर्दैन, ब्राह्मणलाई शुद्धताको प्रतिक मानिन्छ । शुद्रहरुले बाहुनको लास बोक्न सक्दैनन् । वर्णको हैसियत जति तल भयो, अशुद्धताको समय त्यति नै बढी हुन्छ ।

मानिसको मृत्यु पछाडि शुद्ध हुन ब्राह्मणलाई दश दिन, क्षेत्रीलाई १२ दिन, वैश्यलाई १५ दिन र शुद्रलाई ३० दिन लाग्ने विश्वास भएको पाइन्छ (पोखरेल र ढकाल, २०६८) ।

उपरोक्त अध्यायमा पोखरेल र ढकालले उल्लेख गरेअनुसारको जातीय विभेद वर्तमान नेपाली समाजमा देखिदैन । जातीयताको थोरै प्रभाव रहे पनि संविधानले नै सबैलाई समान मानिसकेको अवस्थामा उक्त भनाई मेल खाने देखिदैन । माथिल्लो जात र दलितको बारेमा जे जस्तो उल्लेख भए पनि वर्तमान समयमा यो अवस्थामा निकै परिवर्तन आइसकेको पाइन्छ । त्यसकारण उपयुक्त कुराहरु वर्तमानमा सान्दर्भिक देखिदैनन् ।

धर्म एउटा विश्वासको प्रणाली हो । जहाँ कुनै न कुनै धर्ममा केही न केही वस्तुहरुलाई प्रतिकात्मक अर्थ दिई यसप्रति विश्वास बढाइन्छ । कुनै अदृश्य शक्ति माथिको विश्वास नै धर्म हो । धर्मको जग नै विश्वास हो । समाजमा प्राचीन कालदेखि नै धर्मप्रतिको विश्वास रहँदै आएको छ । धर्ममा मोक्ष, ज्ञान र भक्तिलाई मुक्तिको बाटो मानिन्छ । त्यस्तै स्वर्ग, नर्क, पवित्र, अपवित्र, पाप, पुण्य र पुनर्जन्ममा पनि विश्वास गरिन्छ । त्यसकारण धर्म विश्वासको प्रणाली हो । जसमा वैज्ञानिकता भन्दा पनि शास्त्रीय मान्यताहरुको प्रभाव बढी रहन्छ । यसमा मुल रुपमा पुनर्जन्मप्रतिको विश्वासले मानिसहरुले आफ्ना क्रियाकलाप संचालन गर्दछन् । आफ्ना व्यवहार, आचरण र क्रियाकलापलाई अनुशासित तुल्याउँछन् । धर्मका आधारमा सामाजिक एकता बलियो भई व्यक्तिको व्यवहार र क्रियाकलापमा अनुशासन देख्न सकिन्छ (श्रेष्ठ र आचार्य, २०६६) । धर्मप्रतिका विभिन्न समाजशास्त्रीहरुका फरक फरक धारणा रहेका पाइन्छन् । प्रकार्यवादीहरुका अनुसार धर्म समाजलाई एकता गराउने महत्वपूर्ण माध्यमको रुपमा व्याख्या गरेका छन् । धर्मलाई द्वन्द्व घटाउने, सामाजिक नियन्त्रण गराउने, सामाजिक जीवनलाई व्यवस्थित गर्ने माध्यमको रुपमा लिएका छन् । अर्कोतिर माक्सवादी दृष्टिकोण अनुसार धर्म केही सत्तासीनहरुले अरुलाई दवाउने माध्यम हो । कल्पनाको संसारको निर्माणबाट मानिसलाई निर्जिवता पाटी सकेसम्म शोषण गर्नु हो । परलौकिक सुख शान्ति र आभासको मन्त्रोचारणका माध्यमबाट यस लोकको दुनियालाई कस्टप्रद, निराशा, शोषणको अतिरञ्जित जालमा पार्नु हो । यसले समाजलाई यथास्थितिमा राखिराख्न सहयोग पुऱ्याएको देखिन्छ । जातीय असमानता, लैङ्गिक असमानता, आर्थिक असमानता

लगायत यसबाट उत्पन्न धनी र गरीब, शासक र शोषित, महिला र पुरुषका कार्य आदि सबै अवस्थालाई धर्मले भाग्यसँग र इश्वरीय देनका रुपमा तुलना गरेर असमानता विरुद्धको संघर्षलाई राक्ने र चेतनालाई कुन्ठित गर्ने काम धर्मले गरेको हुन्छ । आज समाजमा विकास भएका जातीय छुवाछुत, कालागोराको विभेद, महिला पुरुषको विभेद स्वर्ग नर्क जस्ता काल्पनिक धारणाको विकास, भाग्यवादी संस्कार, जातीय लडाइ, धार्मिक द्वन्द्व सबै यसैका उपज हुन् (आचार्य, २०६६) ।

## २.२ पूर्व अध्ययनको समीक्षा

नेपाली वृहत शब्दकोषले पार्कीको अर्थ निगालाको काम गर्ने जातिको रुपमा परिभाषित गरेको छ (नेपाली वृहत शब्दकोष) ।

डोर बहादुर विष्टले वि.सं. २०५५ मा सबै जातको फूलबारी भन्ने पुस्तकमा नेपाल विभिन्न जातजातिको संगम थलो अर्थात् फूलवारी हो । सिंगो नेपालभित्र एउटा भाषा, जात र धर्म मात्र छैन । यहाँ फरक फरक मुल्य मान्यता र संस्कृतिका मानिसहरु बस्दछन् । जसमा विविध जनजातिहरु, दलितहरु एक आपसमा मिलेर बसेका छन् । यी सम्पूर्ण जातिहरुको संगम द्वारा नै समाज निर्माण भएको कुरा उल्लेख गरेका छन् (विष्ट, २०५५) ।

धिरेन्द्र पराजुली (सन् १९९५) ले विश्वकर्मा जातिको सामाजिक, सांस्कृतिक परिवर्तनको बारेमा मानवशास्त्रीय दृष्टिकोणले अध्ययन गरी शोधपत्र तयार पारेका छन् । उनले विश्वकर्मा जातिको सांस्कृतिकरण प्रक्रियामा जोड दिँदै यस जातिले लामो समयसम्म विद्यमान खराब र निम्नस्तरको परम्परा र संस्कृतिलाई छोडी उच्च जातिले अपनाएको परम्परा र संस्कृतिको अनुसरण गरेको उल्लेख गरेका छन् । यसका साथै विश्वकर्मा जातिको सामाजिक र आर्थिक अवस्था विगतको तुलनामा सुधार हुँदै गएको देखिन्छ । उनीहरुमा शिक्षा र चेतनाको स्तर पनि बढ्दै गएको पाइन्छ । जसले गर्दा उनीहरुले पनि माथिल्ला जाति सरह सम्पूर्ण क्षेत्रमा आफ्नो संलग्नता बढाउँदै लगेका छन् ।

गणेशमान गुरुङ र विष्णु भण्डारी (सन् १९९३) ले नेपाली अधिराज्यमा विभिन्न मानव समुदाय बसोबास गर्दछन् । जहाँ अनेकताभित्र एकताले विजय पाएको छ । नेपालमा विभिन्न जातका मानिसहरु एक आपसमा मिलिजुली बसेको पाइन्छ । यहाँ एक जातिले अर्को जातिलाई सहयोग गरी सुमधुर सम्बन्ध स्थापित गरेर अनेकतामा एकताको उदाहरण बनेको छ ।

Mary M. Cameron ले सन् १९९८ मा सुदुरपश्चिम नेपालको बभ्काङ जिल्लाको भरला गाउँको अध्ययन गरेकी छिन् । जसमा ४० प्रतिशत उपल्ला जाति र ६० प्रतिशत तल्ला जातका मानिसहरु बसोबास गर्दछन् । सबैले बभ्काङ्गी भाषा बोल्दछन् र हिन्दु धर्म मान्दछन् । यस लेखमा मुख्यतया जातीय आधारमा लैङ्गिक सम्बन्धको अध्ययन गरेको पाइन्छ । जसमा महिलालाई आइमाइ जात र पुरुषलाई लोग्ने जात भनी नामाकरण गरेको पाइन्छ । महिलाहरुलाई लोग्नेको तुलनामा अशुद्ध जात मानेको पाइन्छ । विशेष गरी महिलाहरुलाई महिनावारी तथा बच्चा जन्माउँदाको समयमा अशुद्धताको धारणाबाट हेरिने, महिला निम्नस्तरको वर्गको रुपमा स्तरीकृत हुने, तल्ला जातका मानिसहरुको सामाजिक इजजत कम हुने भएकोले तल्ला जातका महिलाहरु उपल्ला जातका महिला भन्दा जातीय आधारमा अशुद्ध मानिने गरेको पाइन्छ । त्यस्तै गरेर तल्ला जातका महिलाहरु प्रति गरिने छुवाछुतको व्यवहारले पनि पछि परेका पाइन्छन् । तल्ला जातका महिलाहरु कृषि तथा पेशागत उत्पादनमा संलग्न भएका परिवारमा सम्बन्ध विच्छेद तथा विधवा विवाहका घटना भएका छन् भने उपल्ला जातका महिलाहरुमा यो सबै नभएको पाइएको छ । महिलाहरुमा प्रतिवद्धताको भावना, श्रीमान्सँग मात्र यौन सम्बन्ध राख्ने, यौन क्रियाकलापमा पुरुषको नियन्त्रण र प्रभुत्त्व हुने गरेको पाइन्छ । महिलाहरुको अधिकांश समय घरायसी कार्यमा वित्दछ भने पुरुषहरु घर बाहिरका कार्यमा संलग्न देखिन्छन् । तल्लो जातका परिवारसँग जग्गा जमिन कम भएकोले पेशागत कार्यमा संलग्न भएका पाइन्छन् । तल्लो जातका महिलाहरु श्रमबाट नगद र जिन्सी आर्जन गर्ने कार्यमा सहभागी हुने गरेको र उत्पादनशील कार्य : सिलाउने, आरनको काम गर्ने, बुट्टा भर्ने कार्यमा सहभागी भएका देखिन्छन् । यसप्रकार उक्त पुस्तकमा लैङ्गिक सम्बन्धलाई धार्मिक, सामाजिक, सांस्कृतिक पक्षले प्रभाव पारेको हुन्छ । एउटै समाजमा पनि लिङ्ग निर्माणको प्रक्रिया फरक फरक हुन्छ । जसमा तल्ला र उपल्ला जातका महिला र पुरुष एउटै समाजमा अवस्थित छन् तथापि पृथक पृथक लैङ्गिक भूमिका र अवस्थाहरु

देखिएका छन् । यसमा लैङ्गिक विभेदको प्रमुख कारक तत्वको रुपमा जाति व्यवस्थालाई देखाइएको छ (Cameron, 1998)।

P. Caplan, 1972 ले पश्चिम नेपालको बाहुन र दलित जातको आर्थिक र राजनीतिक द्वन्द्वको बारेमा प्रष्ट पारेका छन् । हिन्दु समाजमा माथिल्लो र तल्लो जात बिचको सम्बन्ध कस्तो हुन्छ र तल्लो जातिमा परनिर्भरता कसरी बढेर जान्छ भन्ने विषयमा लेख केन्द्रित रहेको छ । खासगरी पश्चिम नेपालमा विकासका पूर्वाधारहरु सडक सुविधा, संचार र अन्य सुविधाहरु बढ्दै गए । नयाँ संविधान, मुलुकी ऐन र भूमिसुधारका कार्यक्रमहरु ल्याइयो । सबै जनतालाई समान हक र अधिकारको व्यवस्था गरियो । आर्थिक क्षेत्रमा नयाँ किसिमको परिवर्तन देखा पऱ्यो । जसमा नगद र कर तिर्न सक्ने कै वाहुल्यता रह्यो । अर्थात् यस क्षेत्रमा पनि ब्राह्मणहरु नै अगाडि देखिए । दलितहरुको स्थितिमा खासै सुधार आउन सकेन । दलितहरुले माथिल्लो जातिसँग ऋण लिने प्रक्रिया सुरु भयो । केही समयपछि जिल्ला सदरमुकाममा नयाँ नयाँ अवसरहरु आउन थाले । गाउँको उत्पादन सहज रुपमा विक्री हुन थाल्यो । यसमा पनि ब्राह्मणहरुकै बाहुल्यता रह्यो । नयाँ अवसर प्राप्त गर्न दलितहरु असफल भए । उनीहरु आर्थिक चक्रको भुमरीमा फसे । परिणाम स्वरुप साहुको ऋण तिर्न बाध्य भएर भारततिर कामको खोजीमा भौतारिन थाले (Caplan, 1972)।

नेपालका विद्वान्हरुमा डोर बहादुर बिष्टको योगदानलाई जातीय अध्ययनको रुपमा विशिष्ट स्थानमा राख्न सकिन्छ । नेपालका विभिन्न जाति तथा जनजातिहरुको सामान्य सामाजिक, सांस्कृतिक एवम् आर्थिक अवस्थाको रुपरेखा प्रस्तुत गरेका छन् । सम्भवतः धेरै जाति तथा जनजातिहरको विविध अवस्थाको वर्णन गर्ने क्रममा कामी जातिको आर्थिक तथा सामाजिक अवस्था निकै तल्लो स्तरमा रहेको छ भन्ने कुरा उल्लेख गरेका छन् । साथै यिनीहरुमा पनि हिन्दुकरणको प्रक्रिया देखा परेको तथ्यलाई प्रकाश पारेका छन् (बिष्ट, सन् १९९४) ।

जनकलाल शर्माले हाम्रो समाज एक अध्ययन भन्ने पुस्तकमा निगालाको काम गर्नेलाई पार्की थर प्रदान गरेको कुरा उल्लेख गरेका छन् । त्यसै गरेर यिनले पार्कीहरुले निगालाको अलावा डकर्मी, सिकर्मी र कृषि कार्य समेत गर्ने गरेको र उनीहरुको आर्थिक अवस्था दयनीय भएको उल्लेख गरेका छन् (शर्मा, २०४६) ।

नेपालको पहाडी क्षेत्रका दलितहरुको मातृभाषा पनि नेपाली हो । पहाडी दलितहरुमा दमाई, सार्की, कामी, पार्की, सुनार, विश्वकर्मा आदि पर्दछन् । दलितहरुको विहेवारी साधारणतया आफ्नै जातभित्र मात्रै हुन्छ । त्यस्तै दशैंमा टीका, जमरा गर्ने प्रचलन पनि ब्राह्मण क्षेत्रीको जस्तै नै हुन्छ । तर दलितहरुमा काजक्रिया गर्ने प्रचलन बाहुन क्षेत्रीको भन्दा फरक छ । काजक्रिया गर्दा बाहुन चाहिदैन त्यसको साटो दिदी बहिनी वा ज्वाइँलाई आमन्त्रण गर्दछन् र उक्त कार्य सम्पन्न गर्दा कुनै धार्मिक ग्रन्थ पढ्दैनन् (विष्ट, २०५५) ।

ऋग्वेदकाल यता आएपछि जब समाज जटिल हुँदै गयो तब मानिसले आफ्नो सुविधाको लागि पेशालाई विशेषीकृत गर्दै लगे, फलतः समाजमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र चार वर्णको अस्थित्व प्रकट भयो । जहाँ ब्राह्मणको काम वेदको अध्ययन गर्नु, दान लिनु, संस्कार सम्पन्न गर्नु, क्षेत्रीको काम हतियार चलाई सबैको सुरक्षा गर्नु, शासन चलाउनु, वैश्यको काम कृषि व्यापार जस्ता आर्थिक व्यवसाय गर्नु र शुद्रको काम सबै वर्गको सेवा गर्नु थियो । यसरी काम कर्तव्यको अलग-अलग विभाजन भए पनि बैदिककालमा विभिन्न वर्गहरु बीच छुवाछुत, खानपान, वैवाहिक सम्बन्ध तथा अन्य संस्कार सम्पन्न गर्ने कुरामा परस्पर भेदभावको भावना थिएन । उपनिषद, धर्मशास्त्र, स्मृति युगमा आएर वर्ण सम्बन्धी धारणामा परिवर्तन भयो । वर्णको स्थान जातले लियो । त्यसपछि व्यक्तिले आफ्नो रुची र योग्यता अनुसार काम गर्न पाएन । व्यक्ति जुन जातमा जन्मेको हो त्यही पेशा अपनाउनु पर्ने भयो । फलतः चार वर्णहरु विलकुलै फरक फरक जातिमा परिणत भए । अन्ततः एक जाति र अर्को जातिको बिचमा ठूलो पर्खाल खडा भयो (खत्री, २०५६) ।

कामीहरुको परम्परागत पेशा फलाम, तामा र सुनका सर-सामान र गरगहना बनाउने हो । तर वर्तमान समयमा आएर यो जातिले पनि आफ्नो परम्परागत पेशाको सट्टा अन्य पेशाहरु अपनाउन थालेको पाइन्छ । कामीहरुको सामाजिक तथा आर्थिक पक्षमा विगतको भन्दा निकै परिवर्तन भएको पाइन्छ । यसमा परिवर्तन आउनुका कारणहरुमा शिक्षा, स्वास्थ्य, संचारको विकासलाई लिन सकिन्छ । पहिले यो जातिलाई उच्च जातिले दवाउने, हेप्ने, तुच्छ व्यवहार गर्ने, छोइछिटो हाल्ने, सार्वजनिक स्थल, मठ-मन्दिर, स्कुल, अस्पतालमा गरिने भेदभाव घटदै गएको पाइन्छ । कामी जातिले पनि अन्य

जातसँगको सम्बन्धमा सुधार गरी सामाजिक भूमिका निर्वाह गर्न अग्रसर हुन थालेको पाइन्छ (पन्थी, वि.सं. २०६०)।

२०४८ को जनगणनामा नेपालमा दलित जातिको संख्या करिव २३ लाख देखाइएको छ। तर त्यो तथ्याङ्कले सम्पूर्ण दलितको संख्या ल्याउन सकेन। त्यसो हुनुमा चारवटा कारणहरुले काम गरे। पहिले उक्त सरकारी प्रतिवेदनमा कूल जनसंख्याको ५.६ प्रतिशत रहेको नेवार जातिभित्रका दलितहरुलाई दलितका रुपमा गन्ती नै नगरिएको स्वीकारियो। दोस्रो तराई मधेशका कैयौं दलित जातलाई दलितको संख्या भित्र राखिएन। तेस्रो दलित जातिलाई पहिलेदेखि उनीहरुको थरगोत्र लेख्न नदिई 'जात' लेख्न बाध्य पारिएकाले अधिकांश माथिल्लो जातका गणकहरुलाई दलितको थरगोत्र नै थाहा भएन र छैन। तर २०४६ पछि चेतनामा वृद्धि भई दलितहरुले आफ्नो नामका पछाडि थरगोत्र लेख्न थाले। जनगणनाको समयमा कुनै दलित परिवारले आफ्नो थरगोत्र लेखाउँदा गणकहरुले उनीहरुलाई अन्य उच्च जातमा राखेका हुन सक्छन्, किनभने खस दलितहरु अधिकांशको थरगोत्र माथिल्ला जातकासँग मिल्दछ। चौथो जनगणना लिदा दलित बस्तीको असुविधा र छुवाछुत तथा दलितहरु प्रतिको उपेक्षा भावका कारण कथित माथिल्लो जातका गणकहरु दलित बस्तीमा प्रवेश नै नगर्ने वा माथिल्लो जातमा व्यक्तिहरुसँग सूचना लिएर फाराम भर्ने गरिएका उदाहरण पनि पाइएका छन्। त्यसैले गैरसरकारी प्रतिवेदनका आधारमा नेपालमा दलितहरुको संख्या ४५ लाखको हाराहारीमा रहेको मानिएको छ (मल्ल र विश्वकर्मा, सन् २००२: १९५)।

अहिले पनि ८१ प्रतिशत जनता कृषिमा निर्भर रहेको नेपालमा ७० प्रतिशत कृषक परिवारको हातमा केवल ३० प्रतिशत मात्रै खेतीयोग्य जमिन छ। जमिनको वितरणमा यसप्रकारको असमान सामन्ती सम्बन्ध रहेको संरचनामा दलितहरुको स्थान निम्नस्तरको देखिन्छ। कुल जनसंख्याको २१ प्रतिशत रहेका दलितहरुसँग केवल १ प्रतिशत खेतीयोग्य जमिन छ। न्यायपालिकाको क्षेत्रमा लेखनदास र एकाध अधिवक्ताबाहेक न्यायाधीस स्तरका एक जना पनि दलितहरु छैनन्। पत्रकारिताको क्षेत्रमा एक दर्जनभन्दा कम रिपोर्टर त्यति नै संख्यामा स्तम्भलेखन दलित सम्बन्धी एकाध पत्रिकाका सम्पादकहरु छन्। विश्वविद्यालयका अध्यापकहरु एक दर्जनको हाराहारीमा पुगेका छन्। उद्योग वाणिज्य संघ र नेपाल चेम्बर अफ कमर्शजस्ता संस्थाहरुमा कोही

पनि दलित केन्द्रीय पदाधिकारी छैनन् । प्रशासन क्षेत्रमा एकाध शाखा अधिकृत छन् त्यसभन्दा माथिल्लो तहमा पुगेका विरलै भेटिन्छन् र जो पुगेका छन् तिनीहरुमध्ये थुप्रैले 'जात' ढाँटेको र आफ्नो समुदायसँग अलग रहेको स्थिति छ । नेपाली समाजको कला क्षेत्र मात्रै एउटा क्षेत्र छ, जहाँ दलितहरुको उपस्थिति समान्यतया ठिकै देखिन्छ त्यो हो गायन र सङ्गीत । नेपालको रेडियोमा गायन र संगीतमा मूलतः कामी, दमाई र नेवार दलितको ठिकठिकै उपस्थिति छ । यसो हुनुका पछाडि दुईवटा कारणहरु रहेका छन् । पहिलो राणाकालमा दरबारमा गीत गाउने थुप्रै नेवार दलित थिए र सरकारी व्याण्डमा कार्यरत थिए । त्यतिबेला अरु उच्च जातिकाले गाउने नाच्ने पेशालाई हेलाको दृष्टिले हेर्दथे । त्यसैले सेना र प्रहरीमा व्याण्ड स्थापना गर्न परम्परागत रुपमै बजाउने पेशाका दलितलाई समावेश नगरी काम चल्दैनथ्यो । दोस्रो खस समुदायका दलित सङ्गीतकारहरु र गायकहरु मूलतः भारतको दार्जिलिङ क्षेत्रबाट भित्रिएका हुन् । नेवार समुदायबाट राणाकालदेखि प्रसिद्ध गायक-गायिकाका रुपमा रहेकाहरुले आफ्नो नामका पछाडि या त उपनाम थपेका छन् यात थरगोत्र नराखी नाम मात्रै राखेका छन् । त्यसो गर्नुका पछाडि सामाजिक भेदभाव नै मूल कारण हो भन्ने प्रष्ट छ (विश्वकर्मा, सन् २००१) ।

उपर्युक्त अध्यायमा विभिन्न लेखकहरुले उल्लेख गरे अनुसारको स्थिति यस अध्ययनको निष्कर्षसँग धेरै हदसम्म मेल खाने देखिन्छ । डोर बहादुर विष्टले उल्लेख गरे अनुसार यहाँको पाकी समुदाय अन्य जातसँग मिलेर बसेको पाइन्छ । त्यसैगरी धिरेन्द्र पराजुलीले उल्लेख गरे अनुसार यहाँका पार्कीहरुको सामाजिक र आर्थिक अवस्था विस्तारै सुधार हुँदै गएको र उपल्ला जातिहरुले अपनाउने संस्कारको पनि अनुसरण गर्न थालेको पाइन्छ । Mary M. Cameron ले उल्लेख गरेजस्तो तल्ला जातका महिलाहरु जातीय आधारमा उपल्लो जातको भन्दा शुद्ध मान्ने गरेको प्रचलन देखिन्छ । P. Caplan ले अध्ययन गरेजस्तो माथिल्लो जातको तुलनामा तल्लो जातको सामाजिक र आर्थिक अवस्था निम्नस्तरको रहेको कुरा पनि यस अध्ययनसँग मेल खाने देखिन्छ । त्यसै गरेर पदमलाल विश्वकर्माले उल्लेख गरेको जस्तो स्थितिसग पनि यस अध्ययनको निष्कर्ष मेल खाने देखिन्छ । किनभने अध्ययन क्षेत्रका पार्की समुदायबाट कुनै पनि व्यक्ति सरकारी, गैह्र सरकारी क्षेत्र, पत्रकारिता, शिक्षण पेशा जस्ता क्षेत्रमा संलग्न भएको देखिदैन ।

यस शोधपत्रमा डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ८ अन्तर्गतका पार्कीहरुको सामाजिक र आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । पार्की समाजको सामाजिक र आर्थिक स्थितिको सन्दर्भमा अध्ययन गर्दा शिक्षा, स्वास्थ्य, संचार क्षेत्रमा भएको विकास, यसमा उनीहरुको संलग्नता बढ्नु, NGO/INGO को प्रभाव जस्ता कारणहरुले उनीहरुको अवस्था विगतको भन्दा निकै परिवर्तन आएको देखिन्छ । समाजमा हरेक क्रियाकलापमा माथिल्ला जाति सरह यिनीहरुको संलग्नता बढ्दै जान थालेको पाइन्छ । यसका अलावा आफ्नो परम्परागत पेसामा मात्रै सिमित नरही अन्य विकल्पहरुको खोजी गर्न थालेको पाइन्छ । त्यसै गरेर विगतमा माथिल्ला जातिहरुले तुच्छ र छुवाछुतको भावना राखे पनि वर्तमानमा उक्त अवस्थामा निकै परिवर्तन भएको देखिन्छ र माथिल्ला जातिसँगको सम्बन्धमा पनि परिवर्तन भएको पाइन्छ ।

# अध्याय तीन
# अनुसन्धान विधि

कुनै पनि अनुसन्धानको लागि निश्चित विधिको आवश्यकता पर्दछ । यसले अध्ययन अनुसन्धान गर्ने क्रममा कुन किसिमले गर्ने भन्ने खाकाको बारेमा स्पष्ट पार्नुका साथै अध्ययनलाई उद्देश्यमूलक बनाउने कार्य गर्दछ । यसमा निम्न प्रक्रियाहरु समावेश गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

कुनै पनि अनुसन्धान कार्यलाई मूर्त रुप दिन सर्वप्रथम उपयुक्त क्षेत्रको छनोट गर्नुपर्दछ । क्षेत्र छनोटले अध्ययनको औचित्यलाई बढी व्यापक पार्दछ । यस अनुसन्धानको लागि डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ८ अन्तर्गतको पार्की समुदायलाई छनोट गरिएको छ ।

पार्की समुदायलाई नै छनोट गर्नुका कारणहरु निम्न अनुसार रहेका छन् :

क) शोधकर्ता यसै क्षेत्रमा बसोबास गर्ने भएकोले वास्तविक तथ्याङ्क आउने आशा गरिएको छ ।

ख) यस क्षेत्रका पार्कीहरु पिछडिएको वर्गमा पर्दछन् । अध्ययनले उनीहरुको वास्तविक स्थिति उजागर गर्ने अपेक्षा गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अनुसन्धान कार्यलाई सम्पन्न गर्न वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ । यसमा पार्की जातिको बारेमा प्राप्त तथ्याङ्कहरुलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । अध्ययनलाई पूर्णता दिनको निमित्त वर्णनात्मक ढाँचा अन्तर्गत अन्तरवार्ता र असहभागीमूलक अवलोकनको माध्यमबाट सूचना संकलन गरिएको छ ।

## ३.३ नमूना छनोट

यस अध्ययनमा डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं ८ अन्तर्गत कुल ३० घर परिवार मध्ये १५ घर परिवारलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिद्वारा छनोट गरिएको छ । जसमा प्रत्येक घरबाट १ जना पुरुष र १ जना महिला गरी तीस जना र उपल्लो जातिका ४ जनालाई छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरु

यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता र अवलोकन र द्वितीय स्रोत अन्तर्गत पुस्तक, पत्रपत्रिका, शोधपत्र आदिको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधिहरु

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम्ले स्थलगत अध्ययन गरी निम्न विधिहरुबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता निर्देशिका

पार्की जातिको बारेमा अध्ययन गर्नको लागि शोधकर्ता प्रत्यक्ष रुपमा उनीहरु समक्ष गई अन्तरवार्ता लिइएको छ । जसमा प्रत्येक परिवारबाट एक जना महिला र एकजना पुरुष गरी ३० जनाको अन्तरवार्ता लिइएको छ । त्यसैगरी त्यस क्षेत्रका ४ जना समाजसेवीको पनि अन्तरवार्ता लिइएको छ । उनीहरुको लागि छुट्टै अन्तरवार्ता सूची तयार गरिएको छ ।

### ३.५.२ अवलोकन विधि

यस अध्ययनलाई पूर्णता दिनको लागि असहभागीमूलक अवलोकन विधि अपनाइएको छ । जसमा उनीहरुको रहनसहन, व्यवहार, सरसफाई जस्ता पक्षहरुमा स्वयम् अध्ययनकर्ताले देखेका कुराहरुको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको लागि अन्तरवार्ता र अवलोकनको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई सम्बन्धित व्यक्तिलाई भेटी तथ्याङ्क सङ्कलन गरिएको छ। द्वितीय स्रोतको रुपमा यस शीर्षकसँग सम्बन्धित अभिलेखबाट तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.७ अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धानको लागि निश्चित समय स्थान निर्धारण गर्नु पर्दछ। ठूलो क्षेत्रलाई समेट्दा आर्थिक, भौगोलिक, भाषिक जस्ता विविध समस्याहरु देखा पर्दछन् । सिमित स्रोत र साधनको कारणले सम्पूर्ण क्षेत्रलाई ओगट्न सम्भव नहुने भएकोले डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ८ मा बस्ने पार्की जातिमा अध्ययन सिमित गरिएको छ जसले सम्पूर्ण देशकै प्रतिनिधित्व नगर्न सक्छ।

# अध्याय चार

# तथ्याङ्क व्याख्या विश्लेषण

यस अध्ययनमा अन्तर्वार्ता र असहभागीमूलक अवलोकनद्वारा तथ्याङ्क सङ्कलन गरी प्राप्त तथ्याङ्कलाई तालिकामा राखी व्याख्या विश्लेषण गरिएको छ । पार्की जातिको सामाजिक र आर्थिक अवस्थाको अध्ययन गर्ने उद्देश्यले डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ८ अन्तर्गतका कूल ३० मध्ये १५ घर परिवार र प्रत्येक घरबाट २ जना गरी ३० जना र माथिल्लो जातका ४ जना छनोट गरी विभिन्न शीर्षक अन्तर्गत प्राप्त नतिजालाई निम्न अनुसार व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ पार्की जातिको सामाजिक अवस्था

यस अध्ययन क्षेत्रमा रहेका पार्की जातिको सामाजिक अवस्थालाई अध्ययन गर्दा तिनीहरुको पारिवारिक स्थिति, शिक्षा, स्वास्थ्य, रहनसहन, सरसफाई, खानपान, भेषभुषा, वानी व्यवहार, धर्म, अन्य जातिले पार्की जातिप्रति गर्ने व्यवहार, पार्की जातिले मनाउने विभिन्न संस्कार, परम्परा, रितिरिवाज आदिको बारेमा जानकारी लिइएको छ ।

### ४.१.१ पार्कीहरुको उत्पत्ति र विकास

निगालाको काम गर्नेलाई पार्की थर प्रदान गरिएको थियो । नेपालमा बसोबास गर्ने दलितहरुमध्येकै कामी समूहभित्र पार्कीहरुलाई राखिएको छ (गुरुङ, २००५) । पार्कीहरुको उदगम स्थल कहाँ हो ? नेपालमा यिनीहरुको बसोबास कहिलेदेखि भएको हो भन्ने आधिकारिक प्रमाण फेला पार्न सकिएको छैन । शुद्र जातिहरु आर्यन समूहमा पर्दछन् । आर्यहरुको एक उपजातिको रुपमा खसहरु भएको मानिन्छ । आर्य खसहरु एसियाबाट सिन्धु गंगाको मैदानतिर नलागी पहाडको बाटो भएर कुमाउ, गढवाल हुँदै महाकाली नदी तरेर नेपाल प्रवेश गरेको देखिन्छ । पार्कीहरुको शारीरिक बनावट हेर्दा आर्यहरुसँग मिल्दोजुल्दो भएको पाइन्छ । त्यसै गरेर यिनीहरुको छुट्टै मातृभाषा नहुनुले पनि आर्य समूह भएको पुष्टि गर्दछ (शर्मा, २०३७) ।

### ४.१.२ पारिवारिक स्थिति

अमरगढी नगरपालिका वडा नं. ८ का पार्कीहरुको पारिवारिक स्थितिलाई अध्ययन गर्दा पार्की जातिको पारिवारिक वनावट पितृसतात्मक खालको छ । परिवारमा बाबु घरमुली हुन्छ त्यसपछि आमाको स्थान आउँछ र जेठो छोरा गरी क्रमशः हस्तान्तरण हुँदै जान्छ । सम्पत्ति पुरुष सदस्यहरुमा सर्दै जाने भएता पनि महिलाहरु पनि त्यसको संरक्षण, संभार तथा व्यवस्थापनमा उत्तिकै जुटेका हुन्छन् । पार्कीहरुको पारिवारिक स्थिति निम्नअनुसार पाइयो ।

**तालिका नं. २**

**उत्तरदाताको पारिवारिक स्थिति**

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त परिवार | १० | ६६.६६ |
| एकल परिवार | ५ | ३३.३४ |
| जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

उपयुक्त तालिकाअनुसार संयुक्त परिवार ६६.६६ प्रतिशत र एकल परिवार ३३.३४ प्रतिशत रहेको पाइन्छ । अन्य जातिमा सानो परिवारको प्रचलन रहे पनि जन्मदर नियन्त्रण नहुनाले ठूलो परिवारको संख्या बढी रहेको पाइन्छ । त्यसका अलावा आमाबाबुको छोरा प्रतिको चाहनाले गर्दा पनि परिवार संख्या ठूलो हुने गरेको पाइन्छ ।

### ४.१.३ शिक्षा

शिक्षालाई कुनै पनि जाति, समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकास निर्माणको पूर्वाधारको रुपमा लिइन्छ । शिक्षा विना समुन्नत समाजको कल्पना समेत गर्न सकिदैंन । त्यसैले कुनै पनि समाजको अथवा त्यस समाजको वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शिक्षालाई पनि प्रमुख स्थान दिनुपर्ने हुन्छ । यस क्षेत्रका पार्कीहरुको शैक्षिक स्थितिको अध्ययन गर्दा तुलनात्मक रुपमा शिक्षाको स्तर न्यून रहेको देखिन्छ । तथापि विगतका वर्षहरुभन्दा छोराछोरी पढाउनेको संख्या बढ्दै गइरहेको

देखिन्छ । विद्यालयको हकमा नजिकै बाल विकास केन्द्र रहेको छ । त्यसका अलावा अन्य उच्च मा.वि. प्राइवेट बोर्डिङ स्कुल लगायत सदरमुकाममा अवस्थित शिक्षा क्याम्पस आदि रहेका छन् । यस अध्ययनको क्रममा गरिएको सर्वेक्षणबाट पार्की जातिको शैक्षिक अवस्थाको सम्बन्धमा प्राप्त विवरणलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**उत्तरदाताको उमेरगत शैक्षिक स्थिति**

| उमेर समूह | साक्षर | निरक्षर |
|---|---|---|
| १०-१५ वर्ष | ८ | २ |
| १५-२० वर्ष | ६ | ४ |
| २० वर्षभन्दा माथि | २ | ८ |
| जम्मा | १६ | १४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

उपरोक्त तालिका अनुसार जम्मा १६ जना साक्षर र १४ जना निरक्षर रहेको पाइन्छ ।

**तालिका नं. ४**

**पार्कीहरुको जनसांख्यिक तथा शैक्षिक स्थिति**

| सि.नं. | तह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | निरक्षर | १५ | २० | ३५ | ३१.२५ |
| २. | १ देखि ५ | १५ | १६ | ३१ | २७.६७ |
| ३. | ६ देखि ८ | १८ | २२ | ४० | ३५.७१ |
| ४. | ९ देखि १० | ३ | ३ | ६ | ५.३५ |
| ५. | एस.एल.सी. | – | – | – | – |
| ६. | +२ उत्तीर्ण | – | – | – | – |
|  | जम्मा | ५१ | ६१ | ११२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

उपर्युक्त तालिका अनुसार १५ पुरुष र २० महिला गरी १५ जना निरक्षर रहेका छन् । त्यस्तै १ देखि ५ सम्म पढ्ने कुल ३१ जना ६ देखि ८ सम्म ४० जना र ९ र १० मा ६ जनाको मात्रै संलग्नता देखिन्छ । यस समुदायमा अहिलेसम्म एस.एल.सी. पास गरेको एक जना पनि देखिदैन । यसबाट सहजै अनुमान लगाउन सकिन्छ कि पार्की समुदायको शिक्षाको स्तर न्यून रहेको देखिन्छ । तथापि विगतको स्थितिलाई हेर्दा केही हदसम्म भए पनि विद्यालय जाने प्रवृत्ति बढ्दै गइरहेको पाइन्छ । यसलाई सन्तोषजनक मान्न सकिन्छ ।

### ४.१.४ स्वास्थ्य स्थिति

पार्की जातिको स्वास्थ्य स्थितिको बारेमा जानकारी लिन निम्न सूचकहरुको अध्ययन गरिएको छ ।

**क) जन्मदर**

कुनै पनि समाजमा रहेका मानिसहरुको स्वास्थ्य स्थितिको सूचक जन्मदर हो । महिलाले जति बढी बच्चा जन्मायो त्यति नै महिलाको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने र परिवारका अन्य सदस्यहरुलाई पनि अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । पार्की समाज अशिक्षित तथा पिछडिएको कारणले जन्मदर बढी नै देखिन्छ । छोराको अनिवार्यताले गर्दा पनि जन्मदर बढी भएको पाइन्छ । बच्चा जन्माउन प्रायःले अस्पतालमा नै लाने गरेको पाइयो । केहीले मात्रै परिवार नियोजनका साधन प्रयोग गर्ने गरेको पाइयो । अधिकांशले परिवार नियोजनका साधनको बारेमा त्यति जानकारी नभएको र भए पनि साधन प्रयोग गर्न झन्झटिलो र अप्ठ्यारो हुने बताए । पार्की समुदायमा २ जना महिला र १ जना पुरुषले स्थायी बन्ध्याकरण गरेको पाइयो । सन्तानको हकमा प्रत्येक परिवारमा कम्तीमा पनि चारवटा रहेको पाइयो । एउटा छोरा पनि के छोरा त्यसको भर नहुने भएकोले कम्तीमा पनि दुई वटा छोराको चाहना अधिकांश दम्पत्तिले राखेको पाइयो । जसले गर्दा पनि जन्मदरमा नियन्त्रण आएको देखिदैन ।

## ख) खानेपानी

स्वास्थ्य स्थितिको अर्को महत्वपूर्ण परिसूचक मानिसहरुले प्रयोग गर्ने खानेपानी हो । पार्की समुदायका मानिसले परम्परागत ढुङगे धाराबाट पानी ल्याउने गर्दछन् । पार्कीहरुको छुट्टै धाराको व्यवस्था छ । २५ परिवारको लागि १० मिनेटको दुरीमा एउटा मात्रै ढुङ्गे धारा रहेको देखिन्छ । यसका अलावा पानीको अन्य स्रोत देखिदैन । वस्तुभाउ, साग तरकारी र पिउनको लागि यही पानी प्रयोग गरेको देखिन्छ । धारा अलिकति टाढा भए पनि पानीको अभाव चाहि  दैखिदैन । गर्मी र सुख्खा याममा पल्लो गाउँबाट समेत पानी लिन यही धारोमा आउने गरेको देखियो । पार्की समुदायका प्रायःले पानी सिधै धाराबाट ल्याएर शुद्धीकरण नगरिकनै खाने गरेको पाइयो । मुल पानी शुद्ध हुन्छ त्यसैले त्यतिकै खाए पनि कुनै रोग नलाग्ने भन्ने मान्यता अधिकांशको रहेको छ । अन्य जातको पनि आ-आफ्नो गाउँमा अलग धाराको व्यवस्था रहेको छ ।

## ग) पौष्टिक आहार

मानिसलाई स्वस्थ रहनको लागि पौष्टिक आहारको अपरिहार्यता रहन्छ । यहाँका मानिसहरुको प्रमुख खाना दाल, भात, रोटी, तरकारी, दुध रहेको पाइन्छ । यसका अलावा कुखुरा, बाख्रा जस्ता पशुपंछी पनि पालिएका हुन्छन् । जसबाट फुल र मासु जस्ता परिकारबाट पौष्टिक आहारको आपूर्ति गरेको पाइन्छ । थोरै भए पनि ढुङ्गे धारा नजिक साग तरकारी लगाएर पनि पौष्टिक आहारको आपूर्ति गर्ने गरेको पाइयो । त्यस्तै समय समयमा मन्दिरमा गरिने बलि प्रथाबाट पनि मासुको आपुर्ति गरेको पाइन्छ ।

## घ) अस्पताल र औषधी उपचार

अमरगढी नगरापालिका वडा नं. ८ मा बस्ने पार्की समुदायका मानिसहरुको लागि नजिकैको स्वास्थ्य केन्द्र, जिल्ला सदरमुकाममा रहेको जिल्ला अस्पताल, टीम अस्पताल, रेडक्रस अन्तर्गतको आँखा अस्पताल र अन्य निजी क्लिनिकहरु रहेका छन् । यस समुदायका मानिसहरुले धामी, झाक्री र झारफुकमा समेत विश्वास गर्दछन् । सामान्य रोगहरु लागेमा पहिला धामीलाई देखाउने र त्यसपछि धामीको आदेशअनुसार अस्पताल लाने गरेको पाइन्छ । अस्पताल नजिकै रहेकाले उपचारको लागि ठूलो कठिनाई वेहोर्नु

परेको पाइदैन । पहिलेको तुलनामा धामी, झाक्री प्रतिको विश्वास घट्दै जान थालेको पाइन्छ । धामी, झाक्रीले समेत अस्पताल लैजान सल्लाह दिने गरेको पाइन्छ । विगतका वर्षहरुमा धेरै बच्चाहरुको ज्यान उपचार नपाई अकालमा जाने गरेकोले अहिलेका पार्कीहरु निकै सजग र सचेत भएको पाइन्छ । आर्थिक अवस्था कमजोर भएकोले पनि औषधीउपचारमा समस्या भएको देखिन्छ । तथापि साहुको ऋण काढेरै भए पनि अस्पताल लैजाने प्रचलन रहेको पाइन्छ ।

## ङ) शौचालय तथा सरसफाई

शौचालयको प्रयोगबाट अनेकौ सरुवा रोगहरुबाट बच्न सकिन्छ । पार्की जस्तो अशिक्षित र पिछडिएको समाजमा शौचालयको निर्माण उपयोगको आशा राख्नु अनौठो जस्तो लागे पनि शहरीकरणको प्रभाव, शिक्षा, संचार, माथिल्लो जातिसँगको उठवस जस्ता विविध कारणहरुले गर्दा शौचालय बनाउनेको संख्या बढ्दै जान थालेको पाइन्छ । विभिन्न निकायहरुले फैलाएको जनचेतनाले पार्की समुदायमा सरसफाई र चर्पी निर्माण गर्नेको संख्या बढ्दै जान थालेको पाइन्छ । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा राखिएको छ ।

**तालिका नं. ५**

**शौचालय भएका र नभएका परिवार**

| विवरण | शौचालय | | प्रतिशत |
|---|---|---|---|
| | कच्ची | पक्की | |
| शौचालय हुने | ५ | ६ | ७३.३३ |
| शौचालय नहुने | ४ | – | २६.६६ |
| जम्मा | | | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

उपर्युक्त तालिकाअनुसार यहाँको पार्की समुदायमा ६ पक्की, ५ कच्ची र ४ परिवार शौचालय विहिन रहेको पाइन्छ । शौचालय नभएका मानिसहरुले खुल्ला रुपमा दिशापिसाब गर्ने गरेको पाइयो । यसको अलावा चर्पी भएकाहरुले पनि उचित व्यवस्थापन गर्न नसकेको देखिन्छ । शौचालयमा पानीको अभाव र बच्चाहरुले चर्पीको बाहिरतिर दिशापिसाब गर्ने गरेको पाइयो । सरसफाइको क्षेत्रमा पार्की समुदाय विगतको भन्दा सचेत देखिए पनि घरको आगनसँगै वस्तुभाउ पाल्ने, छुट्टै भान्साकोठाको व्यवस्था नहुनु जस्ता कतिपय कारणहरुले गर्दा अधिकांशको आँगन फोहोर भएको देखिन्छ । त्यसैगरी बच्चाहरुको सरसफाइमा पनि त्यति ध्यान नपुऱ्याएको देखिन्छ । अधिकांश बच्चाहरु नाङ्गै धुलोमा खेल्ने र फोहोर अवस्थामा देखिन्थे ।

### च) धुम्रपान र मद्यपानको प्रयोग

धुम्रपान र मद्यपान स्वास्थ्यको लागि हानिकारक छ भन्ने कुराको जानकारी हुँदाहुँदै पनि कतिपयले यसको प्रयोग गर्ने गर्दछन् ।

पार्की समाजका कतिपय संस्कारगत कार्यहरुमा रक्सीको प्रयोग गरिन्छ । जन्म, विवाह र अन्य चाडपर्वहरुमा समेत रक्सीको प्रयोग गर्ने गरेको पाइन्छ । अतिथि सत्कारमा समेत भाले अथवा खसी काट्नुपर्ने र रक्सी हुनुपर्ने जस्ता कारणले पनि मद्यपानको प्रयोग बढेको देखिन्छ । कतिपयले चुरोट किन्न पनि बच्चालाई पठाउने गरेको उनीहरुकै सामु धुम्रपान गर्ने गरेको कारण बच्चाहरुले पनि यो बानी सिक्न सक्ने देखिन्छ ।

### छ) रहनसहन

पार्कीहरुको रहनसहन आफ्नै किसिमको पाइन्छ । यिनीहरुको परम्परागत पेशा डोको, डालो, नाम्लो बनाउने त्यसका अलावा डकर्मी, सिकर्मीको काम गरी जिविकोपार्जन गर्ने गरेका छन् । कृषि र पशुपालननलाई पनि पेशाको रुपमा लिएको पाइन्छ । परम्परागत पेशाबाट मात्रै जीवन धान्न नसकिने हुँदा केहीले ज्याला मजदुरी र वैदेशिक रोजगारमा समेत जाने गरेको पाइयो । पार्की जातिको प्रमुख खाद्यान्न धान, मकै, गहुँ, कोदो, जौ, फाँपर आदि पर्दछन् । तरकारी बालीहरुमा आलु, गोलभेडा, बन्दा,

काउली, भान्टा, करेला, भेडेखुर्सानी तथा गेडागुडीहरुमा केराउ, मास, बोडी, गहत, आदि हुन् ।

पार्की जाति आफ्नो समुदायमा मिलेर बस्ने गर्दछन् । विभिन्न सामाजिक कार्यहरु गर्दा एक आपसमा छलफल गरेर बुढापाकाको राय लिएर गर्दछन् । अर्म, पर्म, ऐचो पैचो यिनीहरुको व्यावहारिक पक्ष हो । पुरुष र महिला दुवैले घर बाहिर अथवा जिल्ला सदरमुकाम तिर गएर ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दछन् । आफ्नो कूल देवताको रुपमा घटाल देवताको पूजा आराधना गर्दछन् । जसको वर्षैपिच्छे जात्रा हुन्छ । चाडपर्वहरुमा छोरी, ज्वाँइलाई बोलाएर ख्वाइ पियाइ गर्ने प्रचलन रहेको पाइन्छ । पूजाआजा तथा चाडपर्वहरुमा मादल बजाएर गीत गाउने र रमाउने प्रचलन रहेको पाइन्छ ।

**ज) महिलाहरुको सामाजिक स्थितिको मूल्याङ्कन**

वर्तमान समयमा नेपालमा विद्यमान सबै ऐन कानुनहरुले महिला र पुरुषहरुलाई समान अधिकार प्रदान गरेको पाइन्छ । तथापि नेपालका अधिकांश महिलाहरुलाई आफ्नो अधिकारको बारेमा प्रयाप्त ज्ञान भएको देखिदैन । पार्की समुदायका महिलाहरुमा यो अज्ञानता झन बढी देखिन्छ । पार्की समाजमा ठूलो परिवारको बाहुल्यता पाइन्छ । पार्की जातिको महिलाहरुको स्थिति त्यति राम्रो देखिदैन । परिवारमा गरिने प्रत्येक निर्णयमा लोग्नेको भूमिका प्रबल देखिन्छ । घरभित्र र घर बाहिर गरिने कार्यमा महिलाहरुको संलग्नता बढी देखिन्छ । अधिकांश महिलाहरु ज्याला, मजदुरी गरेर आय आर्जन क्रियाकलापमा सहभागी भएका देखिन्छन् । तापनि लोग्नेको सहमतिविना कुनै पनि निर्णय गर्न नसक्ने स्थिति देखिन्छ । त्यसका अलावा अन्य सामाजिक कार्यहरुमा पनि लोग्नेकै वर्चस्व देखिन्छ । समग्रमा महिलाहरुको सल्लाह लिने गरेको भए पनि निर्णायक भूमिका पुरुषकै रहेको देखिन्छ ।

## ४.२ पार्की जातिका जन्मदेखि मृत्युसम्मका संस्कार

### ४.२.१ जन्मसंस्कार

शिशुको जन्म हुनु कुनै पनि परिवारको लागि सुखद समाचार हो । पार्की जातिको जन्म संस्कार अन्य जातिसँग मिल्दोजुल्दो देखिन्छ । बेथा लाग्नुभन्दा अगाडि सुत्केरी महिलालाई हेरचाह गर्ने, तिनीहरुको स्वास्थ्य स्थितिका जानकारी लिने काम समुदायका पाका उमेरका महिलाद्वारा गरिन्छ । बच्चा जन्मेपछि बच्चाको सालनाल काटिन्छ । नाल काट्दा पहिला हँसियाले काट्ने गरिन्थ्यो भने आजभोली ब्लेडले काट्ने गरिन्छ । सुत्केरीलाई घर सँगै अलग्गै गोठमा राख्ने गरिन्छ । सुत्केरीलाई मासु, भात खुवाउने प्रचलन रहेको पाइन्छ । जसले शरीर बलियो हुने मान्यता राखिन्छ । सुत्केरी महिलालाई अशुद्ध मानिन्छ । सुत्केरीलाई न्यानो ठाउँमा राखी आगो बालेर आमा तथा बच्चालाई चिसो लाग्नबाट जोगाउने गरेको पाइन्छ ।

पार्की समाजमा छोरा र छोरीमा भेदभाव गर्ने गरेको पाइन्छ । पहिलो सन्तान छोरा होस् भन्ने अधिकांशको चाहना हुन्छ । सुत्केरी महिलाको हेरचाहमा उचित रुपमा ध्यान दिने गरेको भएता पनि अधिकांशको आर्थिक स्थिति नाजुक भएकोले चाहे अनुसारको पौष्टिक आहारको उपलब्धता भएको देखिदैन । पार्की समुदायका महिलाहरुको ४-५ वटासम्म सन्तान जन्माउने गरेकोले समयसापेक्ष रुपमा जन्मदर नियन्त्रण भएको देखिदैन । सुत्केरीलाई अन्य चिजवस्तुहरु छुन दिइदैन । किनभने सुत्केरी अशुद्ध मानिन्छ । जबकि बच्चा अशुद्ध हुँदैन भन्ने मान्यता रहेको देखिन्छ । बच्चा जन्मेको ६ दिनमा छैटी गर्दछन् र ९ दिनमा सुत्केरी तथा अन्य परिवारले न्वाइध्वाई गर्ने, घर लिपपोत गरी सरसफाई गर्ने र ११ दिनको दिन न्वारन गरी पुरोहितद्वारा हातमा धागो बाँधी चामलको टीका लगाएर गाइको गहुँत छर्केपछि सुत्केरी चोखिने चलन छ ।

**क) नामाकरण**

बच्चा जन्मेपछि नामाकरण गर्नु महत्वपूर्ण कार्य हो । यसलाई न्वारन पनि भन्ने गरेको पाइन्छ । सामान्यतया एघारौं दिनमा न्वारनको कार्य गरिन्छ । नाम राख्ने काम पुरोहितले गर्दछन् भने नाम सुनाउने काम चेलीवेटीले गर्दछन् । न्वारनको दिन बाबुबाट

छोरालाई कुनै एक हतियार उपहारको रुपमा प्रदान गर्ने प्रचलन रहेको पाइन्छ । वर्तमान समयमा हतियारको सट्टा कापी अथवा कलम दिने प्रचलन रहेको पाइन्छ । पुरोहितको रुपमा भान्जा आथवा ज्वाइँलाई आमन्त्रण गरिन्छ । छोरी भए सामान्य रुपमा कार्यक्रम सम्पन्न गरिन्छ भने छोरा भएमा व्यापक भोज गरिन्छ । प्रत्येकले छोरा, बुबा र आमालाई टिको लगाउने र शिरमा दुबो राख्ने र दक्षिणा दिने प्रचलन रहेको पाइन्छ । स्थानीय भाषामा यसलाई दुबो हाल्ने भनिन्छ । सामाजिक नियमअनुसार छोरा भएमा खसी काट्नै पर्ने र भोजभतेर गर्नै पर्ने बाध्यात्मक प्रचलन रहेको देखिन्छ । आर्थिक अवस्था कमजोर भएकाहरुले ऋण लिएर भए पनि भोजभतेर गर्ने गरेको पाइन्छ ।

उत्तरदाताको दृष्टिकोणमा नामाकरण गर्नु भनेको बच्चाको बाबुको पहिचान हुने भएकोले यो संस्कारलाई अति महत्वपूर्ण संस्कारको रुपमा लिएको पाइन्छ । बच्चाको नामाकरण जन्मकुण्डलीअनुसार गर्नाले बच्चाको भविष्यमा हुने सम्भावनाको बारेमा थाहा पाउन सकिने धारणा राखेको पाइयो ।

**ख) ब्रतबन्ध**

छोराको नामाकरण गरिसकेपछि गरिने महत्वपूर्ण संस्कारको रुपमा ब्रतबन्धलाई लिइन्छ । यस संस्कारपछि मात्र आमा बुबाको काजक्रिया गर्ने काम सामाजिक रुपमा मान्य हुन्छ । ब्रतबन्ध कार्यमा मामाको भूमिका महत्वपूर्ण हुन्छ । ब्रतबन्धको दिनभन्दा एक दिन अगाडि निम्तो गरेर मामालाई घरमा बोलाएर मिठामिठा परिकारहरु खुवाइन्छ । उक्त दिन मामाले भान्जाको कपाल काट्न छुरा लगाउनु पर्दछ । कपाल काटेपछि नुहाई नयाँ कपडा लगाउने चलन रहेको पाइन्छ । ब्रतबन्ध कति वर्षमा गर्ने भन्ने निश्चितता हुँदैन । ब्रतबन्ध विवाह भन्दा अगाडि अथवा विवाहकै दिन सम्पन्न गर्ने गरिन्छ ।

ब्रतबन्धको दिन आफ्ना नातेदारहरुका साथै इष्टमित्रहरुलाई बोलाइन्छ । ब्रतबन्धको दिन काटेको कपाल सुरक्षित राखी नदी वा खोलामा बगाउने प्रचलन रहेको पाइन्छ । ब्रतबन्ध सिद्धिएपछि भोजन गरिन्छ । भोजमा सर्वप्रथम मामा, ज्वाइँ, चेलीवेटी, ब्राह्मण र अन्त्यमा इष्टमित्र र गाउँघरका दाजुभाइलाई भोज खुवाइन्छ । भोजन समारोह सिद्धिएपछि नाचगान गरिन्छ । अन्त्यमा मामालाई घरबाट विदाई गरी यो संस्कार पुरा भएको मानिन्छ ।

यस संस्कार सम्पन्न गर्नका लागि मामाको उपस्थिति चाहिने साथै दिदी बहिनी वा कन्या केटीले कपाल थाप्नु पर्ने चलन भएकोले आफ्ना कुटुम्बलाई नजिक ल्याउन सहयोग गर्दछ। साथै मावली प्रतिको आदरका रुपमा पनि यसलाई लिन सकिन्छ।

### ४.२.२ जन्म संस्कारमा आएको परिवर्तन

पार्की समाजको जन्म संस्कारमा त्यति व्यापक परिवर्तन आएको देखिदैन। तथापि समयसापेक्ष रुपमा केही कुराहरुमा परिवर्तन हुँदै गएको देखिन्छ। विगतमा घरमै बच्चा जन्माउने प्रचलन थियो भने वर्तमानमा प्रायः जसोले सुत्केरी गराउन अस्पताल नै लाने गरेको पाइन्छ। घरमै बच्चा जन्माउने प्रचलनले गर्दा विगतमा धेरे बच्चाहरुको अकालमा ज्यान जाने गरेको पाइन्थ्यो भने वर्तमान समयमा यो देखिदैन। सुत्केरी भैसकेपछि आगन र घर समेत छुनु हुँदैन भन्ने मान्यता थियो भने वर्तमान समयमा यसमा केही खुकुलोपना आएको पाइन्छ। बच्चा र आमालाई अध्यारो भैंसी गोठमा राख्ने गलत प्रचलनको सट्टा सफा र न्यानो बैठक कोठामा राख्नुपर्छ भन्ने मान्यताको विकास हुदैं जान थालेको पाइन्छ। त्यस्तै गरेर न्वारन अथवा ब्रतबन्ध गरेको दिन खसी काट्नु पर्ने र व्यापक रुपमा भोजभतेर गर्नुपर्ने प्रचलन पनि विस्तारै कम हुन थालेको पाइन्छ। समग्रमा विगतको जटिल परम्परागत प्रणालीमा केही परिवर्तन हुँदै जान थालेको देखिन्छ।

### ४.२.३ विवाह संस्कार

विवाह संस्कार हिन्दु समाजमा महत्वपूर्ण संस्कारको रुपमा लिइन्छ। यही संस्कारबाट व्यक्तिको यथार्थ जीवनको शुरुवात हुन्छ। पार्की जातिको विवाह संस्कार हिन्दु परम्परा अनुसार नै सम्पन्न गर्ने गरिन्छ। यिनीहरुको आफ्नो जातमा मात्रै विवाह गर्ने प्रचलन रहेको पाइन्छ। विवाह गर्ने क्रममा सबभन्दा पहिले केटा पक्ष केटी पक्ष कहाँ माग्न जाने प्रचलन रहेको पाइन्छ। केटी पक्ष मञ्जुर भएपछि विश्वासको लागि कोशेली लानुपर्ने प्रचलन रहेको छ। पार्की समुदायमा मागी विवाह नै बढी प्रचलन रहेको देखिन्छ। अन्तरजातीय विवाहलाई मान्यता दिएको पाईदैन।

विवाह गर्ने लगनको दिन दुलाहाको घरबाट दुलही लिन केटीको घरमा केटा पक्षले बाजागाजा सहित जन्ती जाने गर्दछन्। विवाह हिन्दु संस्कार अनुसार बाहुन क्षेत्रीले जस्तै गर्ने गरे पनि कुनै लिखित ग्रन्थको आधारमा गरिदैन। पुरोहितले मौखिक रुपमा

विवाह संस्कार सम्पन्न गराउने गर्दछन् । दुलहीको घरमा गइसकेपछि विवाह मण्डपमा पूजा गरी केटाले औठी लगाउने, सिन्दुर राख्ने, गोडा धुवाउने, जुठो ख्वाउने आदि कार्य गरिन्छ । कन्या पक्षका सम्पूर्ण गाउँले र इस्टमित्रहरुले दुलहीको गोडा धुने र गोडा धोएको पानी खाने प्रचलन रहेको छ । त्यसै क्रममा सबैले आफ्नो गच्छेअनुसार दुलहीलाई दक्षिणा गोडामा राखेर ढोग्नु पर्ने प्रचलन रहेको देखिन्छ । दुलही पक्षले आफ्नो गच्छेअनुसार दाइजोको रुपमा तामाको गाग्री, थाल आदि दिने गरेको पाइन्छ र अन्त्यमा सम्पूर्ण गाउँभरी दुलहीलाई अन्तिम विदाइको निम्ति पठाइन्छ । यसपछि दुलहीको दाजुले कन्यालाई डोली अथवा घोडामा चढाइ दिइ दुलाहाको घरमा लैजाने र विधिपूर्वक दुलाहाको घरमा भित्र्याएपछि विवाह संस्कार सम्पन्न भएको मानिन्छ । दुलही भित्र्याएको भोलिपल्ट व्यापक रुपमा भोज गरिन्छ । यसमा अनिवार्य रुपमा खसी खुवाउने प्रचलन रहेको पाइन्छ । यसमा पनि गाउँलेको लागि अलग, छिमेकी गाउँको लागि अलग दुलही पक्षको लागि अलग, दुलाहाको मामा, भान्जा, ज्वाइँ र अन्य इस्टमित्रको लागि समेत अलग खसीको व्यवस्था गर्नुपर्ने चलन रहेको छ । जसबाट विवाह निकै खर्चिलो हुने गरेको देखिन्छ । जसको लागि साहुसँग ऋण लिनुपर्ने अवस्था देखिन्छ । विवाहको ३ अथवा ५ दिन पछि दुलाहा दुलही माइत जानुपर्ने प्रचलन रहेको छ । यसरी विवाह संस्कार सम्पन्न गरिन्छ ।

### ४.२.४ विवाह संस्कारमा आएको परिवर्तन

पार्की समुदायका उत्तरदाताको मतको विश्लेषण गर्दा विवाह संस्कारमा समय सापेक्ष रुपमा केही परिवर्तन आउन थालेको पाइन्छ । विगतमा मागी विवाह मात्रै प्रचलनमा रहेको यो जातिमा वर्तमान समयमा मागी विवाह, प्रेम विवाह र अन्तरजातीय विवाह पनि हुन थालेको देखिन्छ । उत्तरदाताहरुका अनुसार अहिलेसम्म ३ जनाले अन्तरजातीय विवाह गरेको पाइयो । जसमा भारततिर कामको खोजीमा जाने र उतैबाट विहे गरेर ल्याएको बुझिन्छ । विगतको जस्तो कन्या रजस्वला नभइकन विवाह गर्ने, गोडा धोएर पानी खाने र पुण्य कमाउने भन्ने मान्यतामा विस्तारै परिवर्तन हुँदै जान थालेको पाइन्छ । परम्परागत विवाह प्रणाली झन्झटिलो र एकदमै खर्चिलो हुने गरेको जसको कारण साहुबाट ऋण लिएर तिर्न नसकी हलिया बस्नुपर्ने बाध्यताले गर्दा सामान्य किसिमको विवाह प्रणाली अपनाउन थालेको देखिन्छ ।

### ४.२.५ मृत्य संस्कार

मृत्यु संस्कारलाई पनि हिन्दु समाजमा महत्वपूर्ण संस्कारको रुपमा लिइन्छ । मृत्यु संस्कार राम्रोसँग गरिएन भने मृतआत्मा भूत पिचाश आदि भएर दु:ख दिन्छ भन्ने मान्यता रहेको पाइन्छ । पार्की जातिको मृत्यु संस्कार पनि बाहुन क्षेत्रीको जस्तै रहेको छ । मृत व्यक्ति ब्रतबन्ध गरेको भए मसानघाटमा लगेर जलाइन्छ भने ब्रतबन्ध नगरेको भए खोलाको किनारमा लगेर गाडिन्छ । पार्की समुदायमा कसैको मृत्यु भएमा मृतकको घरमा सबै गाउँले जम्मा हुन्छन् । मृत व्यक्तिलाई छोपेर राखिन्छ । मृत व्यक्तिको मुख हेर्नु हुँदैन भन्ने मान्यता पनि रहेको पाइन्छ । मरिसकेपछि कात्रो र पाट ल्याएर लासलाई बेर्दछन् । बाँस काटेर त्यसमा लासलाई बाधिन्छ । जसलाई स्थानीय भाषामा ‘डाणो’ भनिन्छ । लासलाई मसानघाट लैजादा अन्य जात ब्राह्मण क्षेत्रीले शंख बजाउने गर्दछन् । जसलाई स्थानीय भाषामा ‘शाँक’ भनिन्छ । तर पार्की जातिलाई शंक बजाउने अनुमति हुँदैन । बरु त्यसको सट्टा सबैले उच्च स्वरमा बुबा भए बुवा, आमा भए आमा, दाजु, भाई, दिदी बहिनी भए दाजु, भाइ, दिदी, बहिनी हो भनेर उच्च स्वरमा चिच्याउने गर्दछन् । नजिकको नातेदार अथवा इस्टमित्रलाई खवर गर्नु परेमा पनि कुनै एक व्यक्तिले उच्च स्वरमा चिच्याएर सूचना दिने कार्य गरिन्छ । लासलाई जलाउने काठमा चित्ता बनाएर त्यसैमाथि राखी कपडाहरु झिकेर छोराले दागवती दिएर दाहसंस्कार गर्ने गर्दछन् । दाह संस्कार सम्पन्न गरिसकेपछि कपाल खौरेर नुहाएर छोराले किरिया बस्नुपर्दछ । यदि छोरा नभएमा सबैभन्दा नजिकको आफन्तले किरिया बस्नुर्दछ । दश दिनसम्म किरिया गर्ने गोठमा वस्नुपर्ने प्रत्येक दिन विहान पुरोहित सहित पँधेरीमा नुहाउनु पर्ने, किरियापुत्रीले आफ्नो खाना आफै पकाउनु पर्ने, नबोलिकन खानुपर्ने र किरिया अवधिभर खुट्टा तानेर सुत्नु नहुने प्रचलन रहेको पाइन्छ । ६ दिनमा प्रत्येक घरबाट एक माना चामल मृतकको घरमा ल्याउने गरिन्छ । जसलाई ‘मानो’ दिने भनेर भनिन्छ । एघारौं दिनमा सबै मलामीहरुलाई खाना खुवाइन्छ । पन्ध्र दिनमा पूर्णतया शुद्ध हुने विश्वास गरिन्छ । यसै दिनमा पुरोहितलाई बोलाएर आफ्नो गच्छे अनुसार लत्ता, कपडा, भाँडाकुडा, गाई दान गरेर दिने गरेको पाइन्छ । किरियापुत्रीले एक वर्षसम्म सेतो लुगा लगाएर बस्नु पर्ने, आफ्नै घरको पकाएको चोखो खाना खानुपर्ने, प्याज, लसुन, मासु, मुसुरो खान नहुने र यौन सम्बन्ध राख्न नहुने प्रचलन रहेको छ । त्यसैगरी प्रत्येक महिनामा मासिक श्राद्ध, ६ महिनामा अर्धवार्षिक श्राद्ध र एक वर्षमा वार्षिक श्राद्ध गरी संस्कार पूरा गरिन्छ ।

पार्की जातिले गर्ने मृत्य संस्कार हिन्दु विधिअनुसार नै सम्पन्न गर्ने गरिन्छ । फरक त्यति मात्र हो । ब्राह्मण, क्षेत्रीले लिखित कर्मकाण्डको सहायताले संस्कार पूरा गर्दछन् भने पार्कीहरुको सम्पूर्ण कार्य मौखिक रुपमा हुन्छ । उत्तरदाताको दृष्टिकोणमा मृत्यु संस्कार महत्वपूर्ण संस्कार भएकोले यसलाई आफ्नै विधिअनुसार सम्पन्न गर्नुपर्दछ । मृत आत्मा सन्तुष्ट नभएमा अनेक किसिमका दुःख आइपर्ने गर्दछन् । त्यसैले भोज भतेर गरी दान दक्षिणा दिएमा मृत आत्मा स्वर्गमा जाने, पितृहरु खुसी हुने र सन्तानलाई सुख हुने विश्वास गरिन्छ ।

### ४.२.६ मृत्यु संस्कारमा आएको परिवर्तन

पार्की जातिले गर्ने मृत्यु संस्कारमा केही परिवर्तन हुँदै गएको पाइन्छ । विगतमा एक वर्षसम्म सेतो लुगा लगाएर बस्नु पर्ने, घरबाट जान नहुने, आफैले पकाएको खाना खानुपर्ने, किरिया बस्दा खुट्टा तानेर सुत्नु नहुने जस्ता प्रचलनहरु रहेका थिए । वर्तमानमा त्यसमा परिवर्तन हुँदै जान थालेको पाइन्छ । एक वर्षसम्म बरखी बार्नुको सट्टा प्रन्ध दिनमा सबै कार्य सिद्धयाउने, केवल वार्षिक र अर्धवार्षिक श्राद्ध मात्रै गर्ने, सेतो लुगाको सट्टा पहिलेकै लुगा लगाउने जस्ता परिवर्तनहरु देखिदै जान थालेका छन् । कामको सिलसिलामा घर बाहिर जानुपर्ने, विगतको जस्तो घरमै बसेर गुजारा नचल्ने, प्रत्येक महिना श्राद्ध गर्दा पुरोहित, इस्टमित्र बोलाउनु पर्ने, दान दक्षिणा प्रदान गर्नुपर्ने खर्चिलो भएकोले पनि समयअनुसार संस्कारमा परिवर्तन देखिएको छ ।

## ४.३ पार्की जातिले गर्ने पूजा संस्कार

पार्की जातिले गर्ने पूजा संस्कार पनि हिन्दु धर्मअनुसार नै हुने गर्दछ । त्यसमा पनि कुल देवताको पूजा सबैभन्दा महत्वपूर्ण मानिन्छ । कुल देवताले आफ्नो कुलको रक्षा गरिरहेका हुन्छन् भन्ने विश्वास गरिन्छ । पार्की जातिमा पनि आफ्नो कुल देवताप्रति गहिरो विश्वास रहेको पाइन्छ । कूल देवता रिसाएमा अनिष्ट हुने, अशान्ति र विपत्ति आइलाग्छ त्यसैले श्रद्धा र भक्तिपूर्वक कूल देवतालाई खुसी तुल्याउनुपर्छ भन्ने मान्यता उनीहरुमा पाइन्छ । कुल देवता खुसी भएमा धनधान्यले परिपूर्ण हुने र भाग्यको उदय हुने विश्वास गर्दछन् । उत्तरदाताहरुका अनुसार पार्कीहरुका कुल देवता घटाल देवता ( पञ्चपाण्डव भीमपुत्र घटोत्कच) हुन् । जसको पूजा वडा दशैंको दिन र कार्तिक शुक्ल

पक्ष चर्तुदर्शी तिथिका दिन आफ्नै संस्कार अनुसार सम्पन्न गरिन्छ । जात्राको दिन सुत्केरी, रजस्वला भएकी आइमाई, विरामी र बच्चा बाहेक सबैले बिहानै नुहाई शुद्ध भएर उपास बस्ने र साँझपख सबैले मिलेर मन्दिरमा पूजा गर्ने गरिन्छ । पूजा संस्कारमा दमाइले दमाहा बजाउन गर्दछन् भने पुरोहित एकजना पुजारी र धामीले पूजा संस्कार सम्पन्न गर्दछन् । यसै क्रममा धामीले नाच्ने गर्दछन् । प्रत्येक परिवारले पालैपालो गरेर धामीलाई आफ्नो विगत वर्तमान र भविष्यको बारेमा सोध्ने गर्दछन् । त्यसको प्रति उत्तर पनि धामीले आफ्नै भाषामा दिने गर्दछन् । धामीले प्रत्येकको बारेमा सही र तथ्यपूर्ण कुरा बताउन सक्ने विश्वास गरेको पाइन्छ । धामीलाई साक्षात भगवानको रुपमा विश्वास गरेको पाइन्छ । तथापि आधुनिक युवा पुस्तामा भने धामी प्रतिको मोह घट्दै जान थालेको पाइन्छ । उनीहरुका अनुसार धामीले विना आधार बनावटी कुरा गरेर गाउँलेहरुलाई झुक्याइरहेको, ठूलावडालाई मात्र हेर्ने गरेको, स्वयं धामीको नियत ठिक नभएको कारणले धामीप्रतिको विगतको जस्तो आस्था घट्दै जान थालेको पाइन्छ ।

## ४.४ पार्कीहरुले मनाउने चाडपर्वहरु

पार्की जातिले पनि हिन्दु धर्मअनुसार प्रचलित चाडपर्वहरु नै मनाउने गर्दछन् । उनीहरुले मान्ने चाडपर्वहरुमा दशैं, तिहार, चैते दशैं, तीज, उग्रतारा जात्रा, श्रावण संक्रान्ति, माघे संक्रान्ति आदि हुन् । यसमा पनि पार्कीहरुले सर्वाधिक महत्व दिएको पर्व भनेको श्रावण संक्रान्ति हो । यसमा हुने नहुने सबैले मिठा मिठा परिकार विशेष गरेर मासको परिकार र खसीको मासु खाने प्रचलन रहेको छ । नहुनेले ऋण लिएर भए पनि मास र मासु खाने प्रचलन रहेको छ । उक्त दिन पार्कीहरुले छिमेकी गाउँ अथवा माथिल्लो जात कहाँ गएर निगालाको चोया दिने र त्यसको सट्टामा अन्न, गेडागुडी, रुपैयाँ पैसा माग्ने गर्दछन् । यसलाई पुरानो पुस्ताका मानिसहरुले ‘भैयली’ अर्थात् भाई भाई बिचको सम्बन्ध सुधार्ने माध्यमको रुपमा लिएको पाइयो । तथापि विगत केही वर्षयता यो प्रचलन लोप हुँदै जान थालेको पाइन्छ ।

## ४.५ छुवाछुत सम्बन्धी धारणा

पार्की समाजमा विगतका दिनहरुमा छुवाछुतको भावना व्याप्त थियो । पानी नचल्ने जात्राभित्र पनि छुवाछुतको भावना रहेको थियो । पार्कीहरुले दमाइलाई अछुत

मान्ने र उसले छोएको नखाने प्रचलन थियो । उच्च जातिहरुले पनि हेयको दृष्टिकोणले हेर्ने गर्दथे । सार्वजनिक ठाउँहरु, पँधेरो, कुवा, धारा, मन्दिर छुन नपाउने चलन थियो । तल्लो जातिले छोएमा पनि अपवित्र हुने र पानी छर्केर मात्र घरभित्र पस्ने प्रचलन थियो । कतिपयले त तल्लो जातिले छोएमा नुहाएर मात्र भित्र पस्ने मान्यता थियो । वर्तमान अवस्थामा यसमा निकै परिवर्तन हुन थालेको पाइन्छ । एउटै पधेरोमा पानी खाने, होटलमा सँगै भात खाने चलनको विकास भएको पाइन्छ । त्यस्तै विगतमा तल्लो जातिलाई 'डुम' भनेर हेयको दृष्टिले हेर्ने माथिल्ला जातिहरुमा समेत छुवाछुतप्रतिको धारणामा परिवर्तन हुँदै गएको पाइन्छ । विगतका वर्षहरुमा मन्दिर प्रवेशमा समेत रोक लगाइन्थ्यो । उच्च जातिसरह उनीहरुले मन्दिरभित्र प्रवेश गरेर पूजा गर्न पाउँदैनथे । वर्तमान समयमा मन्दिर प्रवेशमा रोक लगाउने साहस कसैले नगरेको तथापि पहिलेदेखि मन्दिर प्रवेश नगरेकोले अप्ठ्यारो लाग्ने गरेको पाइयो । डडेल्धुराको प्रसिद्ध मन्दिर उग्रतारा मन्दिर प्रवेशको सन्दर्भमा जिज्ञासा राख्दा केही दलितहरुले केही वर्ष अगाडि मन्दिर प्रवेश गरेको र त्यसले अनिष्ट निम्त्याएको भयको कारणले आफूहरुले पनि मन्दिर प्रवेश गर्ने चाहना नराखेको धारणा उत्तरदाताहरुले राखेका थिए । पछिल्लो पुस्ताका मानिसहरुले मन्दिर प्रवेश गर्ने चाहना राखे पनि पुराना पुस्ताका पार्कीहरुबाट अनुमति नपाएकाले उनीहरुको मन्दिर प्रवेश गर्ने चाहना पूरा हुन नसकेको देखिन्छ ।

## ४.६ आर्थिक अवस्था

कुनै पनि समाज र जातिको अध्ययन गर्दा त्यहाँको आर्थिक स्थितिको अध्ययन गरिनु पर्दछ । आर्थिक अवस्थाले नै समाजको स्तर निर्धारण गर्न भएकोले यसको अध्ययन अपरिहार्य हुन आउँछ । पार्की जाति आफ्नो आर्थिक अवस्था सुधार्न कुन कुन क्रियाकलापमा संलग्न छन् । परम्परागत पेशालाई मात्र अनुसरण गरेका छन् अथवा अन्य वैकल्पिक स्रोतहरुको पनि खोजी गरेका छन् त्यसको बारेमा अध्ययन केन्द्रित गरिएको छ ।

### ४.६.१ पेशा

पार्की जातिले विगतका वर्षहरुमा परम्परागत पेशा डोको, नाम्लो बनाउने, डकर्मी र कृषि पेशाबाटै जीवन निर्वाह गरिरहेका थिए । समय परिवर्तनको क्रममा त्यसले मात्रै

जीवन धान्न नसकिने हुँदा अन्य पेशा पनि अवलम्बन गरेको पाइन्छ । जसलाई निम्न तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ६**

**पार्की जातिले अपनाइएका विभिन्न पेशाहरु**

| पेशा | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत पेशा डोको डालो बनाउने | ४ | २६.६६ |
| कृषि | ३ | २०.०० |
| मजदुरी | ५ | ३३.३३ |
| जागिरी | – | – |
| विदेशमा नोकरी गरी बसेको | ३ | २०.०० |
| जम्मा | १५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

उपरोक्त तालिका अनुसार पार्की जातिको परम्परागत पेशा अपनाउने २६.६६ प्रतिशत मात्रै रहेका छन् । त्यस्तै अन्य पेशा कृषि २० प्रतिशत, मजुदरी ३३.३३ प्रतिशत र विदेशमा नोकरी गर्ने २० प्रतिशत रहेका छन् । उक्त तथ्याङ्क अनुसार परम्परागत पेशा अपनाउनेको संख्या घट्दै गएको देखिन्छ । यसको सट्टा उनीहरु अन्य पेशा अवलम्बन गर्ने होडबाजीमा लागेको पाइन्छ । परम्परागत पेशामा उनीहरुको संलग्नता घट्दै जानुमा त्यो पेशाले वर्षभरी खान लगाउन नपुग्ने, कच्चा पदार्थको अभाव जस्ता तत्वहरु जिम्मेवार देखिन्छन् ।

### ४.६.२ **भू-स्वामित्व**

पार्की समुदायका प्रायःको जमिन एकदमै कम रहेको देखिन्छ । त्यसमा पनि खेतीयोग्य जमिन कम रहेको छ । आफ्नो जमिन कम भएको कारण पार्की समुदायका मानिसले माथिल्लो जातको जमिन अँधियाको रुपमा पनि कमाउने गरेका छन् । भूमि अचल सम्पत्ति भएकाले यसबाट पनि आर्थिक स्थितिको आँकलन गर्न सकिन्छ । भएको

जमिन पनि पाखो र कमसल खालको रहेको पाइन्छ । भूमिको विवरण सम्बन्धी गरिएको सर्वेक्षणबाट प्राप्त तथ्याङ्क निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**भू-स्वामित्वको आधारमा पार्की परिवारको विवरण**

| भूमिको क्षेत्रफल (रोपनी) | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ३ रोपनीसम्म | १० | ८०.०० |
| ३ देखि ५ रोपनीसम्म | ५ | २०.०० |
| जम्मा | १५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

उपरोक्त तालिका अनुसार पार्की परिवारको भू-स्वामित्व एकदमै न्यून रहेको देखिन्छ । भएकोमा पनि सिचाइ सुविधाको अभाव देखिन्छ ।

### ४.६.३ खेतीपाती

नेपाल कृषि प्रधान देश हो । त्यहाँका अधिकांश मानिस खेतीमा संलग्न रहेका पाइन्छन् । यहाँको खेती प्रणाली परम्परागत र आकासे पानीमा निर्भर रहने भएकोले खेती त्यति सप्रेको पाइदैन । मिहिनत अनुसारको उब्जनी देखिदैन । जसको कारणले पनि पार्की समुदायका मानिसहरु खेतीपाती छोडेर अन्य पेशामा आकर्षित हुन थालेको पाइन्छ ।

### ४.६.४ पशुपालन

खेतीपाती र पशुपालन एउटै सिक्काका दुई पाटाको रुपमा लिन सकिन्छ । खेतीपातीमा प्रयोग गरिने प्राङ्गारिक मल पशुपालनबाट प्राप्त हुने र पशुहरुलाई आवश्यक पर्ने घाँसपात, सोत्तर, पराल, पिठो, दाना खेतीपातीबाट प्राप्त हुने भएकोले यी दुवैको एक आपसमा अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । पार्की परिवारमा पनि प्रत्येकले धेरथोर रुपमा पशुपालन गरेको पाइन्छ । सर्वेक्षणबाट प्राप्त तथ्याङ्लाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**पशुपालनको आधारमा पार्की परिवारको विवरण**

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| गाई, भैंसी, बाख्रा, गोरु | २ | १३.३३ |
| गाई, बाख्रा, कुखुरा | ४ | २६.६६ |
| गाई, बाख्रा | ३ | २०.०० |
| बाख्रा, कुखुरा | ६ | ४०.०० |
| जम्मा | १५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

उपयुक्त तालिकाअनुसार पार्की समुदायले गाई, भैंसी, बाख्रा, गोरु, कुखुरा आदि पालेको पाइन्छ । जसबाट आर्थिक उपार्जनमा धेरै ठूलो सहयोग नपुगे पनि कुखुरा, फुल तथा बाख्राको वेचविखनबाट सामान्य आय आर्जन भएको देखिन्छ ।

### ४.६.५ परम्परागत पेशा र खेतीपातीले खान पुग्ने अवधि

परम्परागत रुपमा कृषि पेशालाई अँगाले तापनि यहाँको कृषि प्रणाली त्यति उन्नत र व्यवस्थित भएको देखिदैन । पहिलो त जमिन कम छ त्यसमा पनि परम्परागत खेती प्रणाली सिंचइको अभाव आदि कारणले गर्दा कृषि पेशा फस्टाउन सकेको देखिदैन । त्यस्तै अर्को परम्परागत पेशा डोको, नाम्लो बनाउने कार्य पनि त्यति उन्नत रुपमा अगाडि बढेको देखिदैन । परम्परागत पेशाले कति अवधिसम्म खान पुग्छ भनेर गरिएको सर्वेक्षणबाट प्राप्त नतिजालाई निम्न तालिकामा देखाइको छ ।

**तालिका नं. ९**

**परम्परागत पेशा र खेतीबाट हुने आम्दानीले खान पुग्ने अवधि**

| खान पुग्ने अवधि | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| एक महिनादेखि ३ महिनासम्म | ८ | ५३.३३ |
| ३ देखि ६ महिनासम्म | ७ | ४७.६६ |
| ६ देखि ९ महिनासम्म | – | – |
| जम्मा | १५ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

उपर्युक्त तालिकाअनुसार एकदेखि तीन महिनासम्म खान पुग्ने ५३.३३ र ३ देखि ६ महिनासम्म खान पुग्ने ४६.६६ प्रतिशत रहेका छन् । यसबाट प्रष्ट हुन्छ कि परम्परागत पेशाले ६ महिनासम्म पनि खान नपुग्ने स्थिति रहेको देखिन्छ । जसको कारण यहाँका पार्की समुदायले विकल्पको रुपमा ज्याला, मजदुरी र वैदेशिक रोजगारी जस्ता पेशा अपनाएर पनि गुजारा गर्न थालेको पाइयो ।

## ४.७ पार्की र अन्य जातिबिचको सम्बन्ध

मानिस सामाजिक प्राणी भएकोले समाजमा भएका अन्य जातिसँगको सम्बन्ध आवश्यक पर्दछ । प्रत्येक समाज एक अर्का जातिको परस्पर सहयोगद्वारा संचालित भइरहेको पाइन्छ । त्यसैगरी यहाँको पार्की समाज पनि अन्य जातिसँगको परम्परागत सम्बन्धको आधारमा अघि बढिरहेको पाइन्छ । पार्की जाति र अन्य जातिबिचको परम्परागत सम्बन्धलाई विश्लेषण गर्दा एक अर्काबिचको परस्पर अन्तनिर्भरताबाट चलेको पाइन्छ । पार्की जातिले डोको डालो बनाउने ज्याला मजदुरी गर्ने, हलो जोत्ने र अन्य सहयोग गर्ने कार्यहरु गर्दछन् भने माथिल्लो जातले मर्दा पर्दा सहयोग गर्ने, नगद उपलब्ध गराउने जस्ता कार्यहरु गर्दछन् । उनीहरुका अनुसार परापूर्वकालदेखि नै पार्की र अन्य जातिबिच सुमधुर सम्बन्ध रहँदै आएको पाइन्छ ।

हरेक कार्यहरुमा दुई जातबिचको सम्बन्ध राम्रो रहेको र त्यसलाई अझै पनि बलियो बनाएर लैजानु पर्ने धारणा कतिपय उत्तरदाताहरुले राखेका थिए । हरेक क्षेत्रमा

समय अनुसार परिवर्तन आउनु स्वभाविक मानिन्छ । त्यसै गरेर पार्की र अन्य जातिबिचको सम्बन्धमा पनि केही परिवर्तनका संकेतहरु देखिन थालेका छन् । विगतका दिनहरुमा दुई जाति बिचको सम्बन्धलाई 'भैएली' को रुपमा लिने गरिन्थ्यो । जसको विभिन्न चाडपर्वहरु, सामुहिक कार्यहरुमा दुवै जातिको संलग्नता आवश्यक ठानिन्थ्यो । प्रायः गरेर शारीरिक रुपमा बल पर्ने कठिन कार्यहरु गर्दा पार्की जातिको सहयोग लिने गरिन्थ्यो । उनीहरुले पनि माथिल्ला जातका मानिसहरुलाई मालिक समान सम्झेर सम्मान गर्ने गर्दथे । पार्की जातिले उच्च जातिका मानिसँग भेट भएमा 'जदौ' शब्दको प्रयोग गरेर टाढैबाट सम्मान टक्रयाउने गर्दथे । तथापि पछिल्ला दिनहरुमा शिक्षा, संचार, NGO/INGO को प्रभाव जस्ता कतिपय कारणहरुले गर्दा उक्त परम्परामा एकाएक परिवर्तन भएको पाइन्छ । पार्की समुदायमा पनि विशेष गरेर पुरानो पुस्ता जो माथिल्लो जातसँगको सहकार्यमा निरन्तरता दिन चाहन्छ र परम्परागत सम्बन्धलाई नै बलियो बनाउनु पर्ने धारणा राख्दछन् । उनीहरु बढीजसो भाग्यवादी मानसिकता र जातपातमा विश्वास गर्दछन् । उनीहरुको भनाइअनुसार आफू पूर्वजन्मको कर्मको कारणले तल्लो जातमा जन्मिनु परेको जुन कुरा स्वयं भगवानले नै निर्धारण गरिदिने भएकोले आफूले भगवानले दिएको फल सम्झेर स्वीकार गर्ने गरेको र तल्लो जात भएको नाताले पनि माथिल्लो जातसँगको सम्बन्धलाई फराकिलो बनाउनु पर्ने धारणा राख्दछन् । यसप्रकार पुरानो पुस्ता भाग्यवादी मानसिकता र धर्मबाट बढी प्रभावित देखिन्छन् । यसको विपरित नयाँ पुस्ता भने परम्परागत सम्बन्धमा व्यापक परिवर्तन हुनु पर्ने पक्षमा देखिन्छन् । उनीहरुका अनुसार जात पनि उच्च निम्न नहुने, रगत सबैको रातो हुन्छ, सबै जात एउटै हुन, आफुले कसैको दास बन्नु नहुने, जातको आधारमा गरिने विभेदलाई पूर्ण रुपमा अन्त्य गर्नुपर्ने र नयाँ किसिमबाट सम्बन्धको विकास गरिनुपर्ने धारणा राख्दछन् । यसरी पार्की र माथिल्ला जातिबिचको सम्बन्धमा समय सापेक्ष रुपमा परिवर्तन आउन थालेको पाइन्छ । जसलाई स्वभाविक मान्न सकिन्छ ।

पार्की र अन्य जातबिचको सम्बन्धमा परिवर्तन आउनुका विविध कारणहरु देखिन्छन् । प्रमुख कारण शिक्षा हो । विगतमा अधिकांश दलितहरु अशिक्षित हुन्थे । वर्तमानमा आएर यसमा परिवर्तन भएर विद्यालय जाने प्रवृत्ति बढिरहेको छ । त्यसैगरी प्रौढ शिक्षाले पनि महिलाहरुको चेतनास्तर उकासेको पाइन्छ । त्यस्तै विश्वव्यापिकरण रुपमा संचार माध्यमको विकास र त्यसमा पनि उनीहरुको पहुँच बन्नु जस्ता कारणहरुले

हिजोको परम्परागत सम्बन्ध परिवर्तन भएको देखिन्छ । त्यस्तै गरेर घरबाट कामको सिलसिलामा विदेश जाने प्रचलन, नयाँ समाजसँगको संगत, दलितको नाममा काम गर्ने विभिन्न NGO/INGO हरुको प्रभाव जस्ता विविध कारणहरुले सम्बन्ध परिवर्तनमा निर्णायक भूमिका खेलेको पाइन्छ ।

## ४.८ समाजसेवीको विचार

यस अध्ययनको सिलसिलामा उक्त क्षेत्रका ४ जना जानकार व्यक्तिहरुसँग राय लिइएको थियो । जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ । छुवाछुतको सम्बन्धमा उनीहरुको धारणा यस्तो रहेको थियो । विगतको सन्दर्भमा जे जस्तो भए पनि वर्तमान समयमा छुवाछुतको भावना नरहेको, सार्वजनिक स्थलहरुमा पनि पार्कीहरु प्रति कुनै विभेद नगरेको, निर्वाध रुपमा उनीहरुले आफ्ना क्रियाकलाप संचालन गर्न सक्ने र त्यसमा कसैले पनि अवरोध गर्ने गरेको छैन । मन्दिर प्रवेशको सन्दर्भमा पार्कीहरु आफैं डराएर भित्र जान नसकेको त्यसमा माथिल्लो जातको तर्फबाट कुनै पनि अवरोध नरहेको बताएका थिए । संस्कारको सम्बन्धमा पनि विगतको भन्दा निकै परिवर्तन भएको पाइन्छ । पुरानो पुस्तासँग नयाँ पुस्ताको विचार पटक्कै नमिलेको पाइन्छ । शिक्षा र चेतनाको स्तर हेर्नुपर्दा उनीहरु विद्यालय गए पनि बिचैमा छोड्ने गरेर निरन्तरता दिन नसकेको र चेतनास्तर निम्नस्तरको रहेको छ । त्यस्तै आर्थिक स्थिति नाजुक रहेको पाइन्छ । जसको प्रमुख कारण उनीहरु स्वयं भएको बताए । चाडपर्वहरुमा व्यापक खर्च गर्ने, आम्दानी भन्दा खर्च बढी गर्ने, घरमा पाहुना तथा इस्टमित्र आएमा खसी काटेर खुवाउनु पर्ने, दिनभरी ज्यालादारी गरेर कमाएको पेसा साँझ रक्सी खाएर सिध्याउने जस्ता कारणहरुले उनीहरुको आर्थिक स्तर माथि उठ्न सकेको देखिदैन । उनीहरुको आर्थिक स्तर उठाउन स्वयं उनीहरुको मानसिकता, प्रवृत्ति र चेतनामा परिवर्तन हुनुपर्ने देखिन्छ । सरकारी स्तरबाट पनि सक्दो प्रयास गरिनु पर्दछ ।

पार्की र अन्य जातिबिचको सम्बन्धको बारेमा प्रश्न गर्दा यो सम्बन्धमा विगतको भन्दा व्यापक परिवर्तन आएको पाइन्छ । विगतमा भाइभाइ बिचको जस्तो सम्बन्ध राखिन्थ्यो । तथापि वर्तमानमा त्यस्तो नरहेको तथा पुरानो सम्बन्ध पूर्णतया टुट्दै गएको देखिन्छ । यसमा पार्की जातिका नयाँ पुस्तामा देखिएको गलत सोच र प्रवृत्ति जिम्मेवार

देखिन्छ । पार्की र अन्य जातिबिचको सम्बन्धलाई समयसापेक्ष रुपमा परिवर्तित रुपमा लैजानुपर्ने उनीहरुले आफ्नो गलत मानसिकता त्याग्नु पर्ने र माथिल्लो जातिले पनि आफ्नो उच्च जातीय अहङ्कार त्याग्नुपर्ने । तबमात्रै दुवै थरीको बिचमा सुमधुर सम्बन्ध कायम हुन सक्छ । यो सम्बन्धमा परिवर्तन ल्याउने प्रमुख कारण शिक्षा, संचार, NGO/INGO को प्रभाव, माथिल्लो जातसँगको उठबस आदि हुन् ।

NGO/INGO को प्रभावको सम्बन्धमा जिज्ञासा राख्दा उहाँहरुको विचार यस्तो थियो । अधिकांश NGO हरुले गरेको काम त्यति प्रभावकारी देखिदैन । जसको कारणले पार्की र माथिल्लो जातको बिचमा रहेको सम्बन्धमा खलल पुगेको, अनावश्यक रुपमा विभिन्न किसिमका कुराहरु लगाएर पार्कीहरुलाई माथिल्लो जात विरुद्ध उक्साउने गरेको, परम्परागत सामाजिक सम्बन्ध, रिति बिगारेको, मानिसहरुमा सहयोगीको सट्टा स्वार्थी भावनाको विकास गरेको, जातीय रुपमा द्वन्द्वको सिर्जना गरेको, परम्परागत संस्कृतिको सट्टा आयातित संस्कृति र पश्चिमी संस्कृतिको वकालत गर्ने गरेको, जसको कारण परम्परागत वैदिक सभ्यतामा समेत खलल पुगेको, बैदेशि स्वार्थअनुसार चलको, नयाँ प्रविधिको नाममा परम्परागत रैथाने प्रविधि लोप हुँदै गएको र उनीहरुको क्रियाकलापले भ्रष्ट समाजको सिर्जना गरेको र नैतिकतामा समेत प्रतिकूल प्रभाव परेको जस्ता धारणाहरु राखेका थिए ।

# अध्याय पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

यस शोधको प्रमुख उद्देश्य डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ८ अन्तर्गतका पार्की समुदायको सामाजिक र आर्थिक पक्षको अध्ययन गर्नु हो । समयसापेक्ष रुपमा उनीहरुको सामाजिक र आर्थिक स्थितिमा परिवर्तन भएको छ कि छैन ? दलितको नाममा काम गरिरहेका विभिन्न NGO/INGO को प्रभाव र त्यसको बारेमा जनधारणा जस्ता विषयमा जानकारी प्राप्त गर्नु रहेको थियो । पार्की समुदायका कूल ३० घरपरिवारमा कूल जनसंख्या १५० रहेको छ । त्यसमध्ये १५ परिवारका २ जनाका दरले ३० जना र ४ जना उच्च जातका व्यक्तिहरुसँगको अन्तरवार्ताबाट प्राप्त जानकारीको आधारमा अध्ययनलाई पूर्णता दिने प्रयास गरिएको छ । उक्त अध्ययनबाट प्राप्त मुख्य मुख्य प्राप्तिहरुलाई निम्नअनुसार वर्णन गरिएको छ ।

यहाँका पार्कीहरु सदरमुकामबाट नजिक भएको कारण पनि केही हदसम्म आधुनिकिकरणको प्रभाव पर्न थालेको पाइन्छ । रहनसहन र भेषभुषा आदिमा परिवर्तन हुँदै जान थालेको पाइन्छ । विद्यालय जानेको संख्या दिन प्रति दिन बढ्दै गएको देखिन्छ । अधिकांशको ठूलो परिवारमा बस्ने प्रचलन देखिन्छ । त्यस्तै स्वास्थ्य र सरसफाइको क्षेत्रमा पनि विगतमा भन्दा सचेत भएको पाइन्छ । वर्तमानमा धामी, झाक्रीभन्दा पनि अस्पताल जानेको संख्या बढिरहेको देखिन्छ । त्यसैगरी चर्पी बनाउनेको संख्या पनि बढ्दै गएको देखिन्छ ।

पार्कीहरुले गर्ने जन्मसंस्कार सामान्यतया हिन्दु संस्कार अनुसार सम्पन्न गरिन्छ । विगतमा घरमै बच्चा जन्माउने प्रचलनमा परिवर्तन भएर अस्पतालमा जन्माउने प्रवृत्ति बढ्दै गएको पाइन्छ । सुत्केरी भैसकेपछि उसको खानपानमा विशेष ध्यान पुऱ्याउने, न्यानो ठाउँमा राख्ने गरिन्छ । सुत्केरीलाई तागतिला चिजहरु खान दिइन्छ । एघारौं दिनमा चोखिएपछि न्वारन गरिन्छ । जसमा पुरोहितको रुपमा भान्जा अथवा ज्वाइँलाई राखिन्छ । कन्याद्वारा नाम सुनाइन्छ । छोरी भए सामान्य कार्यक्रम गरिन्छ भने छोरा भए

व्यापक भोज भतेर गरिन्छ । सम्पुर्ण गाउँले र आफन्तहरुलाई निमन्त्रणा गरेर दुबो हाल्ने कार्य गरिन्छ । त्यसैगरी ब्रतबन्धमा मामाले भान्जाको कपाल काट्दा छुरी लगाउनु पर्दछ । यसमा पनि गाउँले, इस्टमित्र सबैलाई आमन्त्रण गरेर भोज ख्वाइन्छ र कार्य समाप्त गरिन्छ ।

पार्कीहरुको विवाह पनि हिन्दु धर्मअनुसार नै सम्पन्न गरिन्छ । प्रायःजसो मागी विवाह प्रचलनमा रहेको देखिन्छ । उनीहरुले सकेसम्म आफ्नै जातमा विवाह गर्ने प्रचलन रहेको छ । केटा पक्ष केट पक्षकहाँ माग्न जाने र सहमति भएपछि केटा पक्षबाट जन्ती लिएर केटी पक्षकहाँ जाने र केटी पक्षले कन्यादान गरेर दुलाहालाई बुझाउने परम्परा रहेको देखिन्छ । विवाह फर्केको भोलिपल्ट भोजभतेर गर्ने र रमाइलो गरेर विवाह सम्पन्न गरिन्छ ।

पार्की जातिले गर्ने मृत्युसंस्कार पनि हिन्दु धर्मअनुसार नै गरिन्छ । मृत्युसंस्कारलाई पितृहरुको उद्धार गर्ने कार्यको रुपमा लिइन्छ । व्रतबन्ध गरेको भए जलाइन्छ र नगरेको भए लास गाडिन्छ । हिन्दु विधिअनुसार १५ दिनसम्म किरिया बसेर शुद्ध भएपछि भोजभतेर गरेर पुरोहितलाई दान दक्षिणा प्रदान गरिन्छ । त्यस्तै एक वर्षसम्म बरखी बार्ने र त्यसै अनुरुप मासिक, अर्धवार्षिक र वार्षिक रुपमा श्राद्ध गरेर संस्कार पूर्ण भएको मानिन्छ । वर्तमानमा यसमा पनि परिवर्तन भएर १५ दिनमै सम्पूर्ण संस्कार सिध्याउने परम्परा पनि बढ्दै गएको पाइन्छ ।

उनीहरुले गर्ने विभिन्न संस्कार मध्ये पूजा संस्कार पनि एक हो । त्यसमा पनि सबैभन्दा मुख्य कूल देवताको पूजा मानिन्छ । यसमा परिवारका सबै सदस्यले नुहाएर शुद्ध भएर दिनभरी उपास बस्ने साँझपख पुरोहित, धामी र पूजारी मिलेर पूजा सम्पन्न गर्दछन् । त्यसैगरी उनीहरुले मनाउने चाडपर्वहरु दशैं, तिहार, तीज, उग्रतारा जात्रा, श्रावण संक्रान्ति, माघे संक्रान्ति आदि हुन् । जसमा पनि पुरानो पुस्ताले जस्तो आस्था नयाँ पुस्ताले नदेखाएको पाइन्छ ।

पार्की जातिको आर्थिक अवस्थाको विश्लेषण गर्दा प्रायःको आर्थिक अवस्था त्यति राम्रो देखिदैन । पेशाको रुपमा परम्परागत पेशाले खान लाउन नपुग्ने स्थिति देखिएकाले अन्य पेशा प्रति उनीहरुको आकर्षण बढ्दै गएको पाइन्छ । जग्गा जमिन एकदमै कम छ ।

भएको पनि सिचाइको अभावले त्यति उन्नत खेतीप्रणाली देखिदैन । जसबाट आर्थिक उपार्जनमा खासै सहयोग पुगेको छैन । पशुपालन व्यवसायबाट सामान्य आर्थिक लाभ भएको देखिन्छ । पार्की समुदायका महिलाहरु पनि विभिन्न क्षेत्रमा ज्याला मजदुरी गरेर आर्थिक उपार्जनका क्रियाकलापमा सहभागी भएका देखिन्छन् तर त्यसलाई परिचालन गर्ने सन्दर्भमा निर्णायक भूमिका पुरुषको हुने गरेको पाइयो ।

पार्की र अन्य जातिबिचको सम्बन्धको बारेमा उल्लेख गर्नुपर्दा विगतमा भाइ भाइ बिचको सम्बन्धको रुपमा अघि बढेको थियो भने वर्तमानमा आएर त्यसमा परिवर्तनका संकेतहरु देखिन थालेका छन् । पुरानो पुस्ताका मानिसहरु परम्परागत सम्बन्धलाई निरन्तरता दिने पक्षमा देखिन्छन् भने नयाँ पुस्ताका मानिसहरु त्यसलाई नयाँ ढंगले लैजानुपर्ने, विगतमा आफूहरुप्रति विभेद र अन्याय भएको अबका दिनमा त्यसलाई सुधारेर लैजानुपर्ने मान्यता राख्दछन् । त्यस्तै छुवाछुतको सम्बन्धमा विगतको जस्ता रुढीवादी परम्परा नरहेको र त्यसमा पनि सुधार हुँदै जान थालेको पाइन्छ । विगतमा स्वयं दलितहरुमै पनि छुवाछुत प्रथा कायम रहेको तर वर्तमानमा त्यस्तो नरहेको देखिन्छ । त्यस्तै सार्वजनिक स्थलहरु मन्दिर, विद्यालय आदिमा पनि विगतको जस्तो भेदभाव वर्तमानमा नरहेको देखिन्छ । त्यसै गरेर उक्त क्षेत्रमा कार्यरत NGO/INGO प्रतिको धारणा त्यति सकारात्मक देखिदैन । अधिकांशको मतअनुसार सामान्य प्रभाव परेपनि बढी जसो क्रियाकलाप व्यक्तिगत स्वार्थपूर्ति गर्ने र दलितको नाम बेचेर आफु मालामाल हुने प्रवृत्ति रहेको देखिन्छ ।

यस अध्ययनको सिलसिलामा उक्त क्षेत्रमा माथिल्लो जातका ४ जना व्यक्तिहरुसँग पनि जानकारी लिइएको थियो । उनीहरुका अनुसार पार्कीहरुले भनेजस्तो छुवाछुतको धारणा वर्तमानमा नरहेको, विगतको भन्दा वर्तमानमा पार्कीहरुको चेतनास्तर बढ्दै गएको, शिक्षा, स्वास्थ्य र संचारमा उनीहरुको पहुँच बढ्दै गएको छ । त्यस्तै अधिकांश पार्कीहरुको स्थिति नाजुक हुनुमा उनीहरुमा क्रियाकलाप जिम्मेवार रहेको बताएका थिए । आम्दानी भन्दा खर्च गर्ने प्रवृत्ति, चाडपर्व विवाहजस्ता संस्कारमा फजुल खर्च गर्ने, मादक पदार्थ सेवन गरेर पैसा सिध्याउने जस्ता कार्यहरुबाट उनीहरुको आर्थिक स्तर माथि उठ्न सकेको छैन । पार्कीहरुको स्तर सुधार्न उनीहरु स्वयं र सरकारी पक्षबाट पनि प्रयास गरिनुपर्ने धारणा राखेका थिए । त्यसैगरी NGO/INGO को प्रभाव सम्बन्धमा पनि

उनीहरुको प्रतिक्रिया त्यति सकारात्मक देखिएन । अधिकांश संस्थाहरुले पुरानो सामाजिक सम्बन्ध विगार्ने काम गरेको, स्वार्थी भावनाको विकास गरेको र जातीय द्वन्द्व फैलाउने जस्ता कार्य गरेको प्रतिक्रिया दिएका थिए ।

## ५.२ निष्कर्ष

पार्की समाजको सामाजिक स्थिति अन्तर्गत ठूलो परिवारकै प्रचलन देखिएको पाइन्छ । त्यस्तै शिक्षाको क्षेत्रमा विगतको भन्दा विद्यालय जाने प्रवृति बढ्दै गए पनि अहिलेसम्म उक्त समुदायमा एक जना पनि एस.एल.सी. पास नहुनुले शिक्षाको स्तर न्यून रहेको प्रष्ट हुन्छ । त्यसैगरी सरकारी तथा गैर सरकारी क्षेत्र, न्यायालय, पत्रकारिता, शिक्षक संस्था जस्ता क्षेत्रहरुमा यिनीहरुको संलग्नता देखिदैन । त्यसैगरी स्वास्थ्य र सरसफाइको क्षेत्रमा विगतको भन्दा वर्तमानमा केही सुधार देखिन थालेको छ । जन्मसंस्कार अन्तर्गत अस्पतालमा बच्चा जन्माउने प्रवृति बढ्दै गएको र अन्य संस्कारजन्य कार्यहरुमा गरिने फजुल खर्चलाई रोक्नुपर्छ भन्ने मानसिकताको विकास हुँदै गएको पक्षलाई परिवर्तनको संकेतको रुपमा लिन सकिन्छ । त्यस्तै विवाहको सन्दर्भमा विगतमा परम्परागत विवाह र आफ्नै जातमा मात्रै गर्ने प्रचलन थियो । त्यसमा परिवर्तन भएर भागी विवाह, प्रेम विवाह र अन्तरजातीय विवाहलाई पनि आत्मसात गर्दै गएको पाइन्छ । मृत्युसंस्कारको सन्दर्भमा यसलाई पितृहरुको उद्धार गर्ने महत्वपूर्ण संस्कारको रुपमा लिएको पाइन्छ । मृत्युसंस्कार राम्रोसँग सम्पन्न गरिएन भने पितृहरु रिसाउने र त्यसबाट अनिष्ठ हुने डरले राम्रोसँग गर्नुपर्छ भन्ने मान्यता देखियो ।

आर्थिक स्थितिको सन्दर्भमा प्रायःको आर्थिक स्थिति निम्न स्तरको रहेको पाइन्छ । पेशाको रुपमा परम्परागत डोको, डालो, कृषि र डकर्मी पेशा ओझेलमा पर्दै गएको पाइन्छ । जसबाट ६ महिना पनि खान लाउन नपुग्ने परिस्थिति भएकोले वैकल्पिक पेशाहरु ज्याला, मजदुरी, वैदेशिक रोजगारमा उनीहरुको संलग्नता बढ्दै गएको देखिन्छ । खेती प्रणाली पनि त्यति उन्नत देखिदैन । यसबाट उनीहरुको परम्परागत पेशा लोप हुने स्थितिमा पुगिसकेको देखिन्छ ।

पार्की र अन्य माथिल्लो जाति बिचको सम्बन्धमा विगतमा भन्दा केही फरकपन आउन थालेको पाइन्छ । शिक्षा, स्वास्थ्य, संचार, NGO/INGO को प्रभाव जस्ता

कारणहरुले विगतको परम्परागत सम्बन्ध परिवर्तन भएको देखिन्छ । पुरानो पुस्ताका मानिसहरुका अनुसार उक्त भाइ भाइ बिचको सम्बन्धलाई जुनसुकै हालतमा पनि जोगाउनु पर्दछ । त्यस्तै छुवाछुतको सन्दर्भमा विगतमा दलितभित्रै छुवाछुत प्रथा कायम रहेको र वर्तमानमा यो प्रथा निर्मुल हुँदै जान थालेको पाइन्छ । सार्वजनिक स्थलहरु मन्दिर र विद्यालयमा कुन किसिमको भेदभाव नरहेको तथापि दलितहरु आफ्नै कारणले मन्दिर प्रवेश गर्न डराएको अवस्था देखिन्छ ।

समग्रमा पार्की समाजको अवस्था परिवर्तनतिर उन्मुख हुँदै गएको देखिन्छ । तथापि भनेजस्तो रुपमा उनीहरुको आर्थिक स्तर र चेतनाको स्तर उठेको देखिदैन । जसको लागि उनीहरु स्वयं पनि जिम्मेवार देखिन्छन् । स्वयं पार्की समुदायका मानिसले आफ्ना प्रवृत्ति र व्यवहारमा सुधार गर्ने हो भने उनीहरुको आर्थिक स्तर सुध्रने सम्भावना देखिन्छ । त्यस्तै NGO/INGO को कारणले उनीहरुको स्तरमा खासै सुधार भएको देखिदैन । संस्थाहरु बढी स्वार्थी र नाफामुखी रहेको, वास्तविक भन्दा अवास्तविक तथ्याङ्कहरु देखाएर तलव पचाउने परिपाटीमा उनीहरु लागेको देखिन्छ ।

## सन्दर्भ सामग्री


अर्याल, भोजेन्द्र (२०६८), **नेपाली समाज र संस्कृतिका उपागमहरु,** कीर्तिपुर, काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

अर्याल, शिवहरी (२०६८), **सामाजिक परिवर्तन र विकासको अध्ययन,** प्रदर्शनीमार्ग, काठमाडौं : लुम्बिनी प्रकाशन ।

खत्री, प्रेम कुमार (२०५६), **नेपालमा धार्मिक मत र सामाजिक संरचना,** काठमाडौं : एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पन्थी, टेकराज (२०६०), **कामी जातिको आर्थिक र सामाजिक पक्षको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याम्पस ।

प्रश्रित, मोदनाथ (२०५८), **मानवताको कलङ्क जातपात र छुवाछुत प्रथा,** काठमाडौं : नवयुग सहकारी छापाखाना ।

मल्ल के. सुन्दर र  पदमलाल विश्वकर्मा (२००२), **डर्बान घोषणा र कार्ययोजना तथा नेपालमा जातीय विभेद,** काठमाडौं ।

शर्मा, जनकलाल (२०३७), **नेपाली समाज र संस्कृति,** काठमाडौं : साभ्ता प्रकाशन ।

शर्मा, जनकलाल (२०४६), **हाम्रो समाज एक अध्ययन,** काठमाडौं : साभ्ता प्रकाशन ।

श्रेष्ठ, केशवकुमार र आचार्य, बलराम (२०६६), **सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,** ताहाचल, काठमाडौं : नेसनल बुक सेन्टर ।

Acharya, Balram (2066), **Theoretical Perspective in Sociology,** Kirtipur: Sunlight Publication.

Ahuti (2010), **Hindu Samjma Dalit Mukti Ko Prashan,** Lalitpur : Samata Foundation.

Bishwakarma, Padmalal (2001), **Caste Discrimination and Untouchability Againsts in Nepal,** Prepared by Society for Liberation of Oppressed Dalits Castes, Nepal for the Global Conference Caste Discrimination, New Delhi.

Bista, D.B. (1991), **Fatalism and Development,** Patna: Orient Longman Ltd.

Bist, D.B. (1994), **People of Nepal,** Kathmandu: Ratna Pustak Bhandar.

Bista, D.B. (2055), **Sabbai Jaat Ko Fulkbari,** Kathmandu: Sajha Pulication.

Camceron, M. Mary (1998), **On the Edge of Auspicious Gender and Caste in Nepal,** University of Illinois Press.

Caplan, A.P. Priests and Cobblers (1972), **A Study of Social Change in a Hindu Village in Western Neapl,** London: Intext.

Gurung, Ganeshman and Bhandari, Bishnu (1993), **National Integration in Nepal Occasinal Paper in Sociology and Anthropoloyg,** Kathmandu: Central Department of Sociology and Anthropology, Tribhuvan University.

Gurung, Harka (2005), **The Dalit Context**, Occasional Paper in Sociology and Anthroplogy, T.U., Volume II.

Kothari, C.R. (1955), **Research Methodology** (2nd Ed.), New Delhi: Viswa Prakashan.

Parajuli, Dhirendra (1995), "The Process of Sancritization Among Bishwokarmas in Baglung Muncipality", **Journal on Sociology and Anthropology,** Patan Multiple Campus.

Pokheral, Deepak and Nabraj Dhakal (2068), **Social Stratification and Differentiation,** Kirtipur, Kathmandu: New Hira Books Enterprise.

Sharma, Pragya Raj (2004), **The State and Society in Nepal,** Kathmandu: Himal Books.

## अनुसूची - १

# अन्तरवार्ता सूची

१. तपाईको परिवारको निम्न विवरण दिनुहोस् ।

| क.सं. | नाम | घरमुलीसँगको नाता | लिङ्ग | उमेर | शैक्षिक अवस्था | वैवाहिक स्थिति | पेशा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. सुत्केरी घरमै गराउनु हुन्छ अथवा अस्पतालमा ?

३. सुत्केरी महिलालाई कस्तो ठाउँमा राख्नु हुन्छ ?

४. सुत्केरीको स्याहार कसरी गर्नु हुन्छ ?

५. सुत्केरीलाई के के खाना दिनुहुन्छ ?

६. संस्कारमा कुनै परिवर्तन आएको छ अथवा छैन ?

७. बच्चाको न्वारन, चुडाकर्म, पास्नी र विवाह कहिले र कसरी गरिन्छ ?

८. तपाईको परिवारमा कस्तो विवाहलाई मान्यता दिनुहुन्छ ?

९. विवाह संस्कार कसरी सम्पन्न गर्नु हुन्छ ?

१०. तपाईको परिवारको सदस्यको मृत्युपश्चात् के के गर्नु हुन्छ ?

११. यसमा के परिवर्तन आएको पाउनु हुन्छ ?

१२. कति दिनसम्म किरिया बस्ने र बरखी बार्ने गर्नुहुन्छ ?

१३. जुठो परेको बेलामा खान हुने र नहुने कुराहरु के के हुन् ?

१४. तपाईको छुवाछुत सम्बन्धी के धारणा छ ?

१५. माथिल्ला जातिले तपाईहरु प्रति कस्तो व्यवहार गर्नुहुन्छ ?

१६. तपाईले मनाउने प्रमुख चाडपर्वहरु के के हुन् ?

१७. दलित जातिभित्र छुवाछुतको कस्तो धारणा छ ?

१८. तपाईलाई उपल्लो जातिले शोषण गरे जस्तो लाग्छ अथवा लाग्दैन ?

१९. परिवार नियोजनका साधनको बारेमा कुनै जानकारी छ ?

२०. महिलाको पारिवारिक र सामाजिक अवस्था कस्तो छ ?

२१. महिला नछुने भएको बेला के गर्नु हुन्छ ?

२२. तपाईको परिवारका आयस्रोत के के हुन् ?

क) कृषि ख) नोकरी ग) परम्परागत पेशा घ) अन्य

२३. तपाईले अपनाएको परम्परागत पेशाले कति समय खान पुग्छ ?

क) ३ महिना ख) ६ महिना ग) ९ महिना घ) १२ महिना

२४. परम्परागत पेशाबाहेक अन्य कुन पेशा अपनाउनु भएको छ ?

२५. तपाईको परिवारमा कति जना सदस्य छन् ?

२६. तपाईसँग भएका पशुपंक्षीको विवरण दिनुहोस् ।

२७. तपाईसँग भएको जग्गाको विवरण दिनुहोस् ।

रोपनी ...... आना ......

२८. धामी, झाक्री प्रति कतिको विश्वास गर्नु हुन्छ ?

२९. खानेपानीको आपूर्ति कसरी गर्नु हुन्छ ?

३०. तपाईको परिवारको लागि शौचालयको व्यवस्था छ कि छैन ?

३१. तपाईको अन्य जात (बाहुन, क्षेत्री) सँगको कस्तो सम्बन्ध छ ?

३२. दलित र दलित बीचको सम्बन्ध कस्तो छ ?

३३. यसमा केही परिवर्तन आएको महशुस गर्नु भएको छ ?

३४. यसमा परिवर्तन आउनुको कारणहरु के हो जस्तो लाग्छ ?

३५. यसमा कस्तो किसिमको परिवर्तन भइदिए हुन्थ्यो जस्तो लाग्छ ?

३६. तपाईको क्षेत्रमा कार्यरत NGO/INGO ले गरेको कामप्रति तपाईको के धारणा छ ?

**समाजसेवीसँग सोधिएका प्रश्नहरु :**

३७. वर्तमान अवस्थामा उपल्लो जातको छुवाछुत सम्बन्धी कस्तो धारणा पाउनु भएको छ ?

३८. सार्वजनिक स्थलहरुमा पार्की जातिप्रति गरिने व्यवहार कस्तो छ ?

३९. पार्की जातिले अपनाउने संस्कारमा कस्तो परिवर्तन आएको पाउनु भएको छ ?

४०. उनीहरुको शिक्षा र चेतनाको स्तर कस्तो रहेको छ ?

४१. पार्की जातिको सामाजिक र आर्थिक स्थिति सुधार गर्न के कस्ता प्रयास गर्नु पर्दछ जस्तो लाग्छ ?

४२. पार्की जातिको बारेमा केही थप भन्न चाहनुहुन्छ ?

४३. पार्की र अन्य जाति बीचको सम्बन्धमा के फरक पाउनु भएको छ ?

४४. यसमा परिवर्तन ल्याउने कारक तत्व के हो जस्तो लाग्छ ?

४५. यसमा आएको परिवर्तनलाई कुन रुपमा लिनु भएको छ ?

४६. उक्त क्षेत्रमा संलग्न NGO/INGO को भूमिका कस्तो रहेको छ ?